# संक्रमणकालीन न्याय र महिला

ADVOCACY FORUM

# संक्रमणकालीन न्याय र महिला

पहिलो संस्करण २०६७ (सन् २०१०)

*प्रकाशक*
एड्भोकेसी फोरम
गैरीधारा, काठमाडौं
नेपाल
पोस्ट बक्स नं.: २१७९८
टेलिफोन : +९७७-१-४००४००७/८
फ्याक्सः +९७७-१-४२६६९८
ई-मेलः info@advocacyforum.org.np
वेवसाइटः www.advocacyforum.org

प्रतिलिपि अधिकार© एड्भोकेसी फोरम नेपाल

*लेआउट तथा आवरण डिजाइन*
किशोर प्रधान

काठमाडौं, नेपालमा मुद्रित

# विषयसूची


**पृष्ठभूमि** ङ

१. **परिचय**

- क) संक्रमणकालीन न्याय के हो ? ३
- ख) नेपालमा संक्रमणकालीन न्याय किन ? ४
- ग) संक्रमणकालीन न्यायकालागि महिला सहभागिता किन ? ६

२. **सत्य निरूपण तथा मेलमिलाप आयोग र अन्य जाँचबुझ आयोगहरू**

- क) सत्य निरूपण आयोगहरू के हुन ? ११
- ख) आयोगमा महिला सहभागिता कसरी सुनिश्चित गर्ने १६
- ग) सत्य निरूपण आयोग र नेपाल १७
- घ) बेपत्तासम्बन्धी अनुसन्धान आयोग १८

३. **परिपूरणका लागि संयन्त्र**

- क) परिपूरण भनेको के हो ? २१
- ख) नेपालमा परिपूरण २४

४. **कानुनी तथा संस्थागत सुधार**

- क) कानुनी तथा संस्थागत सुधार : के का लागि र कसरी ? २७
  - कानुनी सुधार २७
  - सुरक्षा अङ्गको सुधार २८

- न्यायिक प्रणालीमा सुधार २८
- नागरिक समाजको सशक्तीकरण २९
- मानवअधिकार शिक्षा २९

**५. अभियोजन**

क) मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूका सम्बन्धमा अनुसन्धान तथा अभियोजन ३५

ख) महिला र अभियोजन ३७

(ग) अन्तर्राष्ट्रिय फौजदारी अदालत भनेको के हो ? ४०

(घ) नेपाल तथा अन्तर्राष्ट्रिय फौजदारी अदालत ४०

**अनुसूचीहरू**

१ : सत्य निरूपण तथा मेलमिलाप आयोगको मस्यौदा विधेयक ४३

२ : व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) सम्बन्धी विधेयकको मस्यौदा विधेयक ६३

# पृष्ठभूमि

नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताबाट नेपालमा एक दशक अगाडिदेखि सञ्चालित सशस्त्र द्वन्द्वको विधिवत अन्त भयो। उक्त शान्ति सम्झौतामा द्वन्द्व व्यवस्थापन, सेना तथा हातहतियार व्यवस्थापन, युद्धविराम आदिका व्यवस्थाका अतिरिक्त स्थिति सामान्यीकरणका उपायको समेत व्यवस्था गरी सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। त्यसै गरी नेपालको अन्तरिम संविधान, २०६३ मा उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरालाई राज्यको दायित्वको रूपमा अंगिकार गरेको छ।

यसरी विस्तृत शान्ति सम्झौता तथा संविधानबाट सुम्पिएको दायित्वलाई पूरा गर्नका लागि नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने विषयलाई महत्वका साथ लिएको छ। उल्लिखित सम्झौता र संविधानले आयोगलाई सुम्पिएको जिम्मेवारीको गम्भीरतालाई हेक्का राखी सो जिम्मेवारी पूरा गर्न आयोग स्वतन्त्र, निष्पक्ष र सक्षम हुनुपर्ने कुरामा कुनै पनि सन्देह रहन्न। यसै कुरालाई आत्मसात गरी आयोगको स्थापना छुट्टै कानूनद्वारा हुनपर्ने कुरामा नेपाल सरकार विश्वस्त भई कानून निर्माणको प्रक्रिया अगाडि बढाएको छ। कानून निर्माणको विषय आफैंमा गहन

विषय हो, तर त्यसमाथि पनि विगतको सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराधमा संलग्न रहेकाहरूको बारेमा सत्य अन्वेषण गर्ने र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने जस्तो गम्भीर जिम्मेवारी वहन गर्ने आयोग गठनसम्बन्धी कानूनको निर्माण साच्चिकै चुनौतीपूर्ण विषय हो ।

यसै सन्दर्भमा नेपालमा कस्तो प्रकृतिको आयोगको आवश्यकता हुन्छ, आयोगको क्षेत्राधिकार कुन कुन विषयमा रहन्छ, त्यसको कानुनी आधार कस्तो हुनु पर्दछ भन्ने कुरालाई ध्यानमा राख्दै एक मस्यौदा विधेयक तयार गरी उक्त विधेयकका सम्बन्धमा नागरिक समाज, मानवअधिकार तथा अन्तर्राष्ट्रिय कानूनका ज्ञाता, द्वन्द्व पीडित (व्यक्ति तथा समूह) एवं अन्य सरोकारवालाहरूसँग विभिन्न केन्द्रीय, क्षेत्रीय र स्थानीय स्तरमा राय परामर्श लिने तथा सो आधारमा विधेयकमा परिमार्जन गर्ने कार्यसमेत नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट सम्पन्न हुँदै आएको छ । यसरी नेपालको कानुनी इतिहासमा कानून मस्यौदा गर्दा अपनाइएको सहभागितामुलक प्रक्रिया आफैंमा स्वागतयोग्य विषय हो ।

दस वर्षे आन्तरिक द्वन्द्वले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्पूर्ण नेपाली नागरिकवर्गनै प्रभावित रहेको तथ्य त सर्वविदितै छ । त्यसमा पनि महिला र बालबालिकाहरू बढी मात्रामा प्रभावित बनेको कुरालाई नकार्न सकिँदैन । यसै यथार्थलाई आत्मसात गरी द्वन्द्वका अवधिमा महिलाविरुद्ध भएका हिंसा एवं ज्यादती सम्बोधन गर्न अझ बढी गम्भीर हुनुपर्दछ भन्ने मान्यता नेपाल सरकारको रहिआएको छ ।

सत्य निरूपण तथा मेलमिलाप आयोगलाई संक्रमणकालीन न्यायको महत्वपूर्ण संरचनाको रूपमा मानिन्छ । महिलाको हकहित संरक्षण तथा उनीहरूलाई न्याय प्रदान गर्ने सवालमा उक्त संरचनाको निर्माण प्रक्रिया र निर्माण पछि यसका हरेक पक्षमा महिलाहरूको सहयोग र सहभागिता अत्यावश्यक मानिन्छ । संक्रमणकालीन न्याय महिलाका लागि किन महत्वपूर्ण छ भन्ने बारेमा व्यापक छलफल चलाउनुका साथै यसबारेमा प्रयाप्त जानकारी हासिल गरिएको खण्डमा उक्त संयन्त्रलाई महिलामुखी बनाउन सकिन्छ र त्यस्तो संयन्त्रबाट मात्र महिलाको हक हित संरक्षण हुन सक्छ र महिलाले वास्तविक न्याय प्राप्त गर्न सक्छन् । तर यस विषयमा अझै पनि नेपालका महिलाअधिकारकर्मी र विशेष गरी जिल्ला स्तरको नेतृत्व तहमा महिलाका अधिकारको वकालत गर्ने महिलासमेत अनविज्ञनै छन् । त्यसैले तिनीहरू समेतलाई अभिमुखीकरण

गरी यस विषयलाई मुखरित गर्ने उद्देश्यले यो स्रोत पुस्तिका तयार पारिएको हो । यो स्रोत पुस्तिकालाई संक्रमणकालीन न्याय र महिलाका विषयमा विभिन्न तालिमहरू सञ्चालन गर्दा समेत स्रोत सामग्रीकोरूपमा समेत प्रयोग गरिने छ ।

## पुस्तिकाको उद्देश्य

यो पुस्तिकाको उद्देश्य महिला तथा पीडितहरूको अधिकारको वकालत गर्ने कानून व्यवसायी, महिला अधिकारकर्मी साथै महिला विकास अधिकारी जस्ता जिल्ला तहमा नेतृत्वदायी भूमिका खेल्ने व्यक्तिहरूका लागि संक्रमणकालीन न्याय र महिलाका विषयमा जानकारी उपलब्ध गराउने रहेको छ । यस पुस्तिकालाई तालिम स्रोत सामग्रीको रूपमा पनि प्रयोग गर्न सकिने छ । यस पुस्तिकाको माध्यमबाट लक्षित वर्गलाई निम्न पक्षहरूमा सहयोग पुऱ्याउने उद्देश्य राखिएको छ :

- संक्रमणकालीन न्यायको बारेमा जानकारी प्रदान गर्ने,
- संक्रमणकालीन न्यायका संयन्त्र निर्माण प्रक्रियामा सक्रियरूपमा भाग लिनका लागि महिलाहरूलाई उत्प्रेरित गर्ने, तथा संक्रमणकालीन न्यायका संयन्त्रहरूको निर्माणपश्चात् त्यस्ता संयन्त्रको काम कारवाहीमा सक्रियरूपमा भाग लिन महिला तथा बालिकाहरूलाई उत्प्रेरित गर्ने ।

# १

# परिचय





## क) संक्रमणकालीन न्याय भनेको के हो ?

सशस्त्र द्वन्द्व, सैनिक शासन वा तानाशाही शासन व्यवस्थाबाट शान्ति प्रक्रिया वा लोकतान्त्रिक परिपाटितर्फ उन्मुख भएका देशहरूमा दीगो शान्ति स्थापना गर्दै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताको विकास गर्न विगतमा भए गरेका मानवअधिकार र मानवीय कानूनको उल्लंघनहरूप्रति जवाफदेहीता सुनिश्चित गर्नु अपरिहार्य हुन्छ। "संक्रमणकालीन न्याय" ले विगतमा भएका मानवअधिकार र मानवीय कानूनको उल्लंघनसम्बन्धी विषयलाई सम्बोधन गर्न राज्यले अवलम्बन गर्ने न्यायिक र गैरन्यायिक पद्धतिको संयोजनलाई बुझाउँछ।

सशस्त्र द्वन्द्व, सैनिक शासन वा तानाशाही शासन व्यवस्थाको अन्त्यपछिको संक्रमणकालका दौरान विगतमा भएका मानवअधिकार र मानवीय कानून उल्लंघनको सम्बोधन देशमा विद्यमान न्यायिक र गैरन्यायिक संरचनाबाट पूर्णरूपमा हुन सक्दैन। त्यसैले विगतमा भएका यस्ता गल्तीहरूलाई सम्बोधन गर्ने, पीडितलाई न्याय र परिपूरण प्रदान गर्ने तथा भविष्यमा यसको पुनरावृत्ति हुन नदिन र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न सहयोग पुऱ्याउन स्थापना गरिने विभिन्न संरचना र ती संरचना निर्माणको प्रक्रियाको सम्मिश्रणको रूपमा पनि संक्रमणकालीन न्यायलाई बुझ्ने गरिन्छ।

संक्रमणकालीन न्याय मुख्यतः तल उल्लिखित उद्देश्यहरू प्राप्तिको लागि आवश्यक मानिन्छ :

- विगतमा भएका मानवअधिकारको गम्भीर उल्लंघन र मानवीय कानून विरुद्धको कार्यमा संलग्न व्यक्तिहरूको बारेमा सत्यतथ्य पत्ता लगाउन,
- विगतमा भएका मानवअधिकार र मानवीय कानूनको उल्लंघनबाट पीडित हुनपुगेका व्यक्तिहरूको पीडा आत्मसात गरी पीडितलाई परिपूरण उपलब्ध गराउन,
- यस्ता उल्लंघनका घटनाहरू भविष्यमा नदोहोरिने सुनिश्चितता गर्न,
- विगतमा भएका मानवअधिकार र मानवीय कानूनको उल्लंघनसम्बन्धी अपराधहरूको अनुसन्धान गरी कानून सम्मत प्रमाणहरू जुटाई पीडकहरूलाई जवाफदेही बनाउन,
- दण्डहीनताको अन्त्य गर्न,
- द्वन्द्वका बेला द्वन्द्वलाई बल प्रदान गर्न सक्रिय रहेका संस्थाहरूको सुधार गरी त्यस्ता संस्थाहरूको लोकतान्त्रीकरण गर्न।

## ख) नेपालमा संक्रमणकालीन न्याय

नेपालमा २०५२ साल फागुन १ गते देखि २०६३ मंसिर ५ गतेसम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा अन्दाजी हजारौ नागरिकले ज्यान गुमाउनु पर्‍यो भने सयौं जना अझै बेपत्ता रहेको स्थिति छ। त्यसैगरी हजारौको संख्यामा नेपालीहरू आन्तरिक रूपले विस्थापित हुन पुगेका छन्। यसक्रममा कैयौ व्यक्तिहरू मानवअधिकार र मानवीय कानूनको उल्लंघनबाट पीडित हुनुपर्‍यो। यस दौरान कतिजना महिलाहरू बलात्कृत हुनुपुगे भन्ने कुराको सही तथ्यांक हालसम्म पनि यकिन हुनसकेको छैन। सो अवधिमा भएको भौतिक विनासले देशका हजारौ संरचनाहरू ध्वस्त हुन पुगेका छन्। यसरी द्वन्द्वको अवधिमा भएका क्षतिको सामाजिक र भौतिक पुनर्निर्माण गर्ने दायित्व नेपाल सरकारका सामु चुनौतिको रूपमा रहेको छ।

मानवअधिकारको सम्मान गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको एक राष्ट्रको हैसियतले मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा– २०४८ को भावनाको कदर गर्नु नेपालको दायित्व रहन्छ। यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६), महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि (१९७९), बालअधिकारसम्बन्धी महासन्धि (१९८९), यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (१९८४) लगायत १९ वटाभन्दा बढी मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष भई तिनीहरूको पालना गर्ने प्रतिबद्धता जनाइसकेको छ। यसरी नेपालले मानवअधिकारको रक्षाका लागि अन्तर्राष्ट्रिय रूपमानै प्रतिबद्धता जनाइसकेकोले विगतको द्वन्द्वको अवस्था होस् वा शान्तिको अवस्था, जुनसुकै अवस्थामा नागरिकको मानवअधिकारको रक्षा गर्नु नेपाल सरकारको दायित्व हुन आउँछ। द्वन्द्वको अवधिमा भएका मानवअधिकारको गम्भीर उल्लंघन र मानवीय कानूनको उल्लंघनमा संलग्न व्यक्तिको दायित्वलाई नेपालको अन्तरिम संविधान (२०६३) मा विभिन्न मौलिक हक र त्यस्ता अधिकारको उल्लंघन भएमा उपचारको व्यवस्था गर्नुका साथै धारा ३३ को खण्ड (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा र खण्ड (द) मा सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त

संरचनाहरूको पुनर्निमाण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरेबाट राज्यले विगतमा भएका मानवअधिकारसम्बन्धी अपराधहरूको सम्बोधन गर्न र पीडितलाई न्याय र परिपूरण उपलब्ध गराउने कुरामा प्रतिबद्धता जनाइसकेको छ।

त्यसैले द्वन्द्वका बेला भएका मानवअधिकार उल्लंघनका अपराधसम्बन्धमा सत्यतथ्य पत्ता लगाई पीडितलाई परिपूरण प्रदान गर्नु र पीडकलाई जवाफदेही बनाई समाजमा न्यायको प्रत्याभुति दिलाई मेलमिलापको वातावरण सिर्जना गर्नु राज्यको प्राथमिक दायित्व हुन जान्छ। राज्यको यो दायित्व पूरा गर्न संक्रमणकालीन न्यायका संरचनाले मद्दत गर्न सक्छन् भन्ने उद्देश्यले त्यस्ता संरचनाको निर्माण प्रक्रियामा नेपाल सरकार रहेको छ।

सत्य, न्याय र मेलमिलाप संक्रमणकालीन न्यायका मूख्य लक्ष्य हुन्। विगतको सत्यतथ्य पत्ता लगाउने कार्य, त्यसका आधारमा न्याय प्रदान गर्ने कार्य र समाजमा मेलमिलापको वातावरण कायम गर्ने कार्य अत्यन्त चुनौतिपूर्ण कार्य हो। यो चुनौतिपूर्ण कार्य स्वतन्त्र, निष्पक्ष र सर्वस्वीकार्य रूपमा सम्पन्न गर्न हाल विद्यमान संरचनाबाट सम्पन्न हुन नसक्ने हुँदा सो कार्यका लागि राज्यले छुट्टै स्वतन्त्र र सक्षम निकायको रूपमा सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरी संक्रमणकालीन न्याय प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

नेपालमा भएको द्वन्द्व, त्यसको असर र द्वन्द्व समाधानमा अपनाइएको प्रक्रिया मौलिक किसिमको छ। त्यसैले संक्रमणकालीन न्यायको संयन्त्र निर्माण गर्दा एकातर्फ राज्यको यस्तो विशिष्ट परिस्थितिलाई विश्लेषण गर्नुपर्ने हुन्छ भने अर्को तर्फ यस सम्बन्धमा विकसित अन्तर्राष्ट्रिय मापदण्ड समेतको अनुसरण गर्नुपर्ने हुन्छ। यी दवै कुराको सम्मिश्रणबाट बन्ने संयन्त्र पक्कै पनि मौलिक र उदाहरणीय बन्ने अपेक्षा गर्न सकिन्छ। यसै कुरालाई मध्यनजर गरी नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक तर्जुमा गरी सो मस्यौदाका सम्बन्धमा नागरिक समाज, मानवअधिकार तथा अन्तर्राष्ट्रिय कानूनका ज्ञाता, द्वन्द्व पीडित व्यक्ति तथा समूह एवं अन्य सरोकारवालाहरूसँग विभिन्न स्तर र चरणमा राय परामर्श लिइरहेको तथा सो आधारमा विधेयकमा परिमार्जन गरी अहिले व्यवस्थापिका संसदमा दर्ता गरेको छ। मानवताविरुद्धका अपराध, युद्ध अपराध साथै अन्य मानवअधिकारसम्बन्धी गम्भीर अपराधहरू जस्तैः यातना, जबरजस्ती बेपत्ता, यौन हिंसा र गैर न्यायिक हत्या जस्ता अपराधमा आममाफिको प्रथालाई अन्तर्राष्ट्रिय कानूनले निषेध गरेको छ। राज्यको यो अन्तर्राष्ट्रिय दायित्व र सरोकारवालाहरूको सुझावलाई ध्यानमा राख्दै उक्त विधेयकको मस्यौदामा

पनि यी अपराधमा संलग्न अपराधीलाई क्षमादानको लागि सिफारिस गर्न नसकिने व्यवस्था गरेको छ। यसरी सरोकारवालाहरूसँगको व्यापक छलफल र परामर्शबाट कानून निर्माण गरी निर्माण हुने सत्य निरूपण आयोग र त्यसले खेल्ने भूमिका संक्रमणकालीन न्यायको क्षेत्रमा अनुसरणीय हुनेछ भन्ने आसा गर्न सकिन्छ।

## ग) संक्रमणकालीन न्यायका लागि महिला सहभागिता किन महत्वपूर्ण छ ?

सशस्त्र द्वन्द्वको समयमा महिला तथा बालबालिकाहरू ठूलो मात्रामा द्वन्द्वको चपेटामा परेका थिए। केही महिला तथा बालिकाहरू युद्धमा लडाकूको भूमिकामा थिए भने कसैका घरका मुख्य व्यक्ति द्वन्द्वमा संलग्न भएको हुनाले घरको सम्पूर्ण जिम्मेबारी बहन गर्नुपरेको थियो। यस अर्थमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा द्वन्द्वमा महिलाको महत्वपूर्ण भूमिका रहेको थियो। यसरी कतिपय महिला तथा बालबालिकाहरू सरकारका सुरक्षा संयन्त्रमा र कतिपय माओवादी सेनामा भर्ना भई प्रत्यक्ष रूपमा युद्बमा संलग्न भएका कारणले ज्यान गुमाउन वा अपाङ्ग हुन पुगे भने कतिपय युद्बमा प्रत्यक्ष संलग्न नहुँदा नहुँदै पनि ज्यान गुमाउन, कुटपिट, बलात्कार तथा अन्य यौनजन्य हिंसा गैरकानुनी थुना, यातना जस्ता मानवअधिकार हननका शिकार हुन पुगे र अझै पनि बेपत्ता पारिएको स्थितिमा छन्। कतिपय महिलाहरू तिनका परिवारले भोग्नु परेका मानवअधिकार हननका घटनाहरूका विरुद्ध पनि जुध्नु परेको थियो। आफ्ना परिवारका सदस्यहरू युद्धमा सामेल भएको कारणले पनि महिलाहरूले विभिन्न शारीरिक तथा मानसिक बोझहरू झेल्नु परेको थियो जुन पीडा महिलाहरूप्रति हुने यौनजन्य हिंसाको कारणले उनीहरूलाई शारीरिकका साथसाथै मानसिक रूपले पनि असर पारेको हुन्छ। कतिमाथि घरव्यवहार सम्हाल्ने, परिवारको रेखदेख गर्ने र परिवार पाल्न कमाई गर्नु पर्ने जिम्मेवारी थपिएका थिए। द्वन्द्वले घरेलु हिंसालाई पनि प्रोत्साहित गरेकाले कतिपय महिला तथा बालबालिकहरू द्वन्द्वबाट सिर्जित हिंसाको अप्रत्यक्ष शिकार बनेका थिए। त्यसैले द्वन्द्वकालमा महिलाहरूले भोग्नु परेका अनुभवको लेखाजोखा नगरेसम्म द्वन्द्वकालको स्पष्ट चित्रण गर्न सकिँदैन।

द्वन्द्वकालको समाप्तीपश्चात् महिला र बालिका यस समाधानका मुख्य सहयोगी हुन सक्दछन्। नेपालमा संक्रमणकालीन न्याय प्रदान गरी कानुनी राज्यको स्थापना गर्ने सिलसिलामा सत्यतथ्य पत्ता लगाई पीडितलाई परिपूरण दिलाउनका लागि द्वन्द्वकालमा महिला तथा बालबालिकाहरूले भोग्नु परेको पीडा र अनुभव, उनीहरूले यसमा निर्वाह

गरेको भूमिका, उनीहरूमाथि परेको द्वन्द्वको प्रभाव आदिलाई बेवास्ता गर्न सकिँदैन । यदि ति पक्षहरूलाई बेवास्ता गरियो भने संक्रमणकालीन न्यायको मर्म माथिनै आघात पर्न जान्छ, समाजमा मेलमिलापको वातावरण कायम हुन सक्दैन र समष्टिगत रूपमा द्वन्द्वको सहि रूपमा निदान भएको मान्न सकिँदैन, राष्ट्रले पुन द्वन्द्वको सामना गर्नु पर्ने हुन सक्दछ । त्यसैले शान्ति प्रक्रियामा महिलालाई सहभागि गराई उनीहरूको उचित मूल्यांकन हुन सकेमा परम्परागत पितृसत्तात्मक समाजका कारण सीमान्तीकृत रहेका महिला तथा बालबालिकहरूको वर्तमान अवस्थामा परिवर्तन ल्याउने सुनौलो अवसरका रूपमा जारी संक्रमणकालको उपयोग गर्न सकिन्छ । यो संक्रमणकाललाई वर्षौंदेखि नेपाली समाजमा परम्परागतरूपमै पिछडिएर बस्नु परेका नेपाली महिला तथा बालिकाहरूको वर्तमान स्थितिलाई रूपान्तरण गर्ने सुनौलो अवसरको रूपमा प्रयोग गर्न सकिन्छ ।

संक्रमणकालीन न्यायको प्रक्रियामा महिलाको सहभागिताले संक्रमणकालको अन्त्य पछि नेपाली समाजमा महिला तथा बालिकाहरूको अधिकारको सम्मान र रक्षा गर्नुका साथै नेपाललाई शान्ति र लोकतन्त्रको बाटोमा डोऱ्याउन पनि मद्दत गर्दछ । यस्तो सहभागिता संक्रमणकालीन न्यायका हरेक चरणमा हुन आवश्यक छ । यसै कुरालाई मध्यनजर गरी नेपाल सरकारले कानुनी संयन्त्रको रूपमा सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक निर्माण गर्ने क्रममा र त्यसलाई परिमार्जन गरी कानुनी मस्यौदाको अन्तिम रूप दिने चरणसम्म महिलालाई सहभागि गराएको छ । त्यसैगरी आयोगमा पनि महिलाको सम्मानित प्रतिनिधित्व हुने व्यवस्था सो विधेयकमा गरिएको छ ।

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले शान्ति प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्न प्रस्ताव नं. १३२५ र १८२० पारित गरी सबै किसिमका द्वन्द्वबाट महिला तथा बालिकामा पर्ने असर तथा द्वन्द्वको रोकथाम, शान्ति स्थापना, महिलाको मानवअधिकारको संरक्षण र द्वन्द्व पछाडिको पुनर्निर्माण प्रक्रियामा महिलालाई संलग्न गराउन आह्वान गरेको छ । यस प्रस्तावले निम्न विषयलाई जोड दिएको छ :

- द्वन्द्व समाधान र शान्ति प्रक्रियाको नीति निर्माणको हरेक तहमा महिला सहभागिता अभिवृद्धि गर्ने,
- संयुक्त राष्ट्रसंघको शान्ति निर्माण अभियानमा संलग्न सबै कर्मचारीहरू (सैनिक पर्यवेक्षक, प्रहरी, मानवअधिकारवादी, मानवीय सहयोगी आदि) लाई प्रदान गरिने प्रशिक्षणहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने,

- सशस्त्र द्वन्द्वको सन्दर्भमा महिलाको सुरक्षा, मानवअधिकारको संरक्षण र विशिष्ट आवश्यकतालाई विशेष ध्यान दिने,
- द्वन्द्व, शान्ति र सुरक्षासँग सम्बन्धित राष्ट्रसंघको प्रतिवेदन र कार्यक्रम कार्यान्वयन प्रणालीमा लैङ्गिक मुलप्रवाहीकरण गर्ने ।

सम्झौता लागू गर्दा लैङ्गिक दृष्टिकोणका साथसाथै महिला तथा बालिकालाई आवश्यक पूनर्वास र द्वन्दोत्तर पुनर्निर्माण, स्थानीय महिलाहरूले शान्ति स्थापनामा खेलेको भूमिका र शान्ति सम्झौता लागू गर्ने संयन्त्रमा महिलाको योगदान, महिला तथा बालिकाको अभिमुखीकरण (विशेष गरी संविधान, निर्वाचन प्रणाली, प्रहरी र न्यायिक क्षेत्रसँग सम्बन्धित) मानवअधिकारको रक्षा र सम्मान गर्ने संयन्त्र निर्माणका लागि आह्वान गरे अनुरूप नेपाल पनि सुरक्षा परिषदको प्रस्ताव १३२५ को कार्यान्वयनको सिलसिलामा राष्ट्रिय कार्ययोजना निर्माणको तयारीको अवस्थामा छ । त्यस्तै गरी सुरक्षा परिषदको अर्को प्रस्ताव १८२० ले विशेष गरी द्वन्द्वका बेला महिलामाथि भएका यौनजन्य हिंसा समेतमा जवाफदेहीताको सुनिश्चितता गर्न निर्देशित गरेअनुसार पनि नेपालले महिला माथि भएका वा हुन सक्ने त्यस्ता हिंसाका अपराधमा अनुसन्धान गरी जवाफदेहीता स्थापित गर्न प्रयास गरिरहेको अवस्थामा प्रस्तावित संक्रमणकालीन न्याय संयन्त्रहरुको महत्वपूर्ण भूमिका रहन्छ ।

# २

# सत्य निरूपण आयोग





## क) सत्य निरूपण आयोग भनेको के हो ?

वास्तवमा भन्ने हो भने सत्य निरूपण आयोग संक्रमणकालीन न्यायको सबैभन्दा महत्वपूर्ण संयन्त्र हो । यसले विगत द्वन्द्व अवधिमा भएका मानवअधिकार तथा मानवीय कानूनको उल्लंघनका घटनाहरूको अनुसन्धान गरी त्यसबाट प्राप्त परिणाम, सूचना र सुझावहरूलाई अन्तिम प्रतिवेदनमा समावेश गर्छन् । यस्तो आयोग अस्थायी प्रकृतिको हुन्छ । राज्यले निश्चित समयका लागि निश्चित समयमा घटेका निश्चित अपराधमा अनुसन्धान गरी चाल्नु पर्ने कदमका बारेमा सरकारलाई सुझाव प्रस्तुत गर्न आधिकारिक रूपमा यस्ता संयन्त्रको स्थापना गर्दछ ।

सत्य निरूपण आयोगले गर्नुपर्ने मुख्य कार्यहरूमा विगतमा भएका मानवअधिकार र मानवीय कानूनको उल्लंघनका घटनाहरूको सत्यतथ्य पत्ता लगाउने, दोषीलाई अभियोजनका लागि सिफारिस गर्ने, पीडित र तिनका आश्रित परिवारलाई परिपूरण उपलब्ध गराउनका लागि सिफारिस गर्ने, द्वन्द्वका कारकतत्वको बारेमा समेत विश्लेषण गरी भविष्यमा त्यस्ता घटना पुनः दोहारिन नदिन राज्यले गर्नुपर्ने कानुनी र संस्थागत सुधारका सम्बन्धमा समेत सिफारिस सहितको प्रतिवेदन सरकार समक्ष प्रस्तुत गर्ने आदि पर्दछन् ।

सन् १९८० को मध्यतिरबाट द्वन्द्वबाट बाहिर निस्केका मुलुकहरूले संक्रमणकालको व्यवस्थापन गर्न अर्थात संक्रमणकालीन न्याय प्रदान गर्ने सिलसिलामा सत्य आयोगको गठन गर्ने प्रचलन आएको हो । हालसम्म संसारका विभिन्न देशहरूमा झण्डै ४० वटा सत्य निरूपण आयोगहरूको गठन भइसकेका छ । यी मध्ये केही आयोगहरू सत्य निरूपण तथा मेलमिलाप आयोगका रूपमा परिचित छन् भने अन्य आयोगका आ-आफ्नै आधिकारिक नामाकरण गरिएका छन । नामाकरण जे सुकै गरिएता पनि ति आयोगहरू संक्रमणकालीन न्यायका संयन्त्रकै रूपमा स्थापना भएका हुन् ।

सत्य निरूपण आयोगको गठन प्रक्रिया, नाम र स्वरूप विभिन्न देशको आवश्यकता र परम्पराअनुसार भिन्न भिन्न रहेता पनि सत्य निरूपण आयोगमा कम्तिमा पनि निम्न लिखित साझा विशेषताहरूलाई समावेश गरिएको हुनु पर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ :

(अ) **सहभागिताः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाज, पीडित पक्ष, मानवअधिकारवादी कार्यकर्ता, महिला, बालबालिका, सीमान्तीकृत समुदाय, जोखिममा रहेका समूहलगायत सबै वर्ग, क्षेत्र र समूह र सरोकारवाला व्यक्तिहरूको सत्य निरूपण आयोगसम्बन्धी कानून निर्माण, आयोगको स्थापना, तथा यसका

सदस्यहरूको छनोट लागि हुने छलफल वा परामर्शमा पूर्ण रूपमा सहभागिता हुनु जरुरी छ ।

आयोगका सदस्यहरूको नियुक्तिका अतिरिक्त सत्य निरूपण आयोगमा रहने कर्मचारीहरू सामाजिक विविधताको आधारमा समाहित हुनुपर्ने कुरामा विशेष ध्यान दिनु पर्दछ । नेपालीहरू माथि गरिएको एक सर्वेक्षणअनुसार महिला तथा पुरुष दुवै पक्षका सहभागिहरूले आयोगमा लैङ्गिक सन्तुलन कायम गरिनु पर्ने कुरामा जोड दिएका थिए । ऐतिहासिहकरूपमै नेपालमा महिलाहरू पिछडिएका छन् । त्यसैले सर्वेक्षणका सहभागिहरूले महिला आयुक्त नियुक्तिका लागि विशेष प्रावधानहरू नबनाइएमा सम्बन्धित निकायबाट यी कुरामा बेवास्ता गरिन सक्ने जनाएका थिए ।

तर पनि सत्य निरूपण आयोगको कर्मचारी संरचनामा महिला र पुरुषलाई बराबरी स्थान दिइनुले मात्र महिला तथा बालिकाको अनुभवलाई उचितरूपमा सम्बोधन गर्न सक्ने कुराको प्रत्याभूत गर्दैन । आयोगको आयुक्त र कर्मचारीहरूलाई लैङ्गिक मुद्दाका बारेमा विशेष तालिम दिइनुका साथै महिला तथा बालिकाहरूका दैनिक अनुभव र आवश्यकताहरूलाई विशेष ध्यान दिइनु पर्छ । आयोगले आफ्नो काम कारवाहीका सिलसिलामा खास गरी महिला र बालबालिकाका मुद्दाहरूमा सम्बन्धित विज्ञ तथा सम्बन्धित क्षेत्रमा कार्यरत अन्य व्यक्तिहरूको सल्लाह सुझावहरूलाई विशेष प्राथमिकता दिइनु पर्छ ।

(आ) **स्वतन्त्रता र निष्पक्षता :** सत्य निरूपण आयोगको गठनमा हुने निष्पक्षतालेनै त्यस आयोगको सफलतालाई इङ्गित गरेको हुन्छ । त्यसैले आयोगका सदस्यहरू छनोट गर्दा छनोट हुने व्यक्तिको मानवअधिकार तथा अन्य सम्बन्धित विषयमा रहेको दखल, कार्यप्रतिको इमान्दारिता र निष्पक्षताका आधारमा विशेष ध्यान दिनु आवश्यक छ। सत्य निरूपण आयोगको बनोटले महिला, पुरुष र सामाजिक विविधतालाई समेट्नु पर्ने कुराले पनि आयोगको सक्षमतामा त्यत्तिकै महत्व राख्दछ। त्यसैगरी आयोगलाई सरकारको कुनै निकायको अन्तर्गत नराखी पूर्ण स्वायत्तता दिइनुपर्ने हुन्छ। आयुक्तहरूको नियुक्ति स्वतन्त्र र पारदर्शि रूपमा गरी कार्य क्षेत्रमा प्रशासनिक, आर्थिक र राजनीतिक स्वायत्तता प्रदान गर्न सकेमा आयोगले स्वतन्त्र र निष्पक्ष रूपमा काम गर्न सक्छ।

(इ) **कार्यादेशमा स्पष्टता :** सत्य निरूपण आयोगको अधिकार क्षेत्र कुन कुन विषयमा हुने र कुन कुन विषयमा नहुने स्पष्ट हुनुपर्छ। कार्यादेश स्पष्ट भएन भने

आयोगलाई कार्य गर्न दुविधा हुनुको साथै आयोग विवादमा आउने र निष्पक्षता माथि प्रश्न उठ्ने सम्भावना बढी रहन्छ । आयोगलाई द्वन्द्वको अवधिमा राज्य तथा गैर राज्य पक्षलगायत सम्पूर्ण पक्षबाट घटाइएका मानवअधिकार र मानवीय कानूनको उल्लंघनका सम्पूर्ण घटनाहरू छानविन गर्ने अधिकार दिइनुपर्छ । आयोगलाई पीडितहरूको शारीरिक, मानसिक असर वा यौनजन्य हिंसाको अनुसन्धान मात्र नभई द्वन्द्वले महिलाहरूमा पारेको समग्र असरहरूको अनुसन्धान गर्न सक्ने गरी अधिकार सम्पन्न गराइनुपर्छ । आयोगले आफ्ना सम्पूर्ण कामकारवाही र सुझावहरूमा महिलाको दृष्टिकोण पनि अनिवार्यरूपमा समावेश हुने प्रत्याभूति गर्नुपर्छ ।

(ई) **अधिकार सम्पन्न आयोग :** सत्य निरूपण आयोगलाई आफ्नो क्षेत्राधिकार भित्र पर्ने कुनै पनि विषयमा आवश्यक सूचना संकलन गर्ने र आवश्यकताअनुसार कुनै पनि व्यक्तिबाट सूचना हासिल गर्ने वा निजलाई आयोग समक्ष उपस्थित गराउने अधिकार दिइनुपर्छ । सूचना संकलन गर्दा बाधा विरोध गर्नेलाई कारवाही गर्ने वा सोको लागि सिफारिस गर्ने सम्मको अधिकार हुनुपर्छ । यसका अतिरिक्त आयोगलाई आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा निर्भयताकासाथ सिफारिस गर्ने स्वतन्त्रता हुनुपर्छ ।

(उ) **पीडित र पीडितका परिवारको सम्मान :** सत्य निरूपण आयोगले काम कर्तव्यको सिलसिलामा पीडितहरूको आत्मसम्मानको रक्षा गर्नुपर्छ । सत्य निरूपण आयोगले विशेष गरी मानसिकरूपले आघातित, बालबालिका, वृद्ध तथा यौन हिंसाका पीडितहरू र तिनका साक्षीहरूको बारेमा सूचना प्रस्तुत गर्दा, अभियोजनका लागि सिफारिस गर्दा र उनीहरूको कार्यक्रममा उपस्थित हुँदा र प्रमाण प्रस्तुत गर्दा विशेष विधि अपनाउनु पर्ने हुन्छ, जुन विधिबाट निजहरूको आत्मसम्मानमा कुनै किसिमको ठेस नपुगोस् ।

(ऊ) **पीडित र साक्षी र अन्य सहयोगीको सुरक्षा :** आयोगले अनुसन्धानको क्रममा पीडित व्यक्तिलगायत साक्षी तथा अन्य व्यक्तिहरूबाट सकेसम्म सहज तरिकाले सूचना प्राप्त हुन सक्ने वातावरणको सिर्जना गर्नुपर्ने हुन्छ । द्वन्द्वको अवधिमा घटेका घटनाहरूको बारेमा पीडितलगायत अन्य व्यक्तिहरूबाट सूचना प्राप्त हुन सकेन भने आयोग निष्पक्ष तरिकाले कार्य सम्पादन गर्न सक्दैन । त्यसको लागि त्यस्ता व्यक्तिको जिउ, धन र स्वतन्त्रताको रक्षा हुने वातावरण आयोगले बनाउनु पर्छ । अनुसन्धानको प्रक्रियामा भाग लिएबापत जोखिममा पर्न सक्ने

पीडित र साक्षीहरूलाई सुरक्षाको प्रत्याभूत गर्न सत्य निरूपण आयोगले एउटा वृहत्, पूर्णकालीन र प्रभावकारी पीडित र साक्षीहरूको सुरक्षा कार्यक्रमको स्थापना गर्नुपर्छ। सत्य निरूपण आयोगले पीडित महिला तथा बालिका एवम् साक्षीहरूको बयान लिने, अनुसन्धान गर्ने र सुनुवाई गर्ने कार्यमा पूर्ण गोपनीयताको रक्षा र सुरक्षाको प्रत्याभूत गर्नुपर्छ।

(ए) **सुनुवाईसम्बन्धी विशेष व्यवस्था/ सूचना प्राप्त गर्ने, बयान लिने र अनुसन्धान गर्नेसम्बन्धी विशेष व्यवस्था :** कतिपय अवस्थामा सूचना प्राप्त गर्न विशेष सावधानी अपनाउन सकेन भने यथार्थता पत्तालगाउन असम्भव हुन सक्छ। खासगरी महिला तथा बालबालिकाहरूबाट सूचना प्राप्त गर्दा वा निजहरूलाई बयान गराउँदा विशेष सावधानी अपनाउनु पर्ने हुन्छ। सत्य निरूपण आयोगले सूचना प्राप्त गर्ने वा बयान लिनेदिने सुरक्षित स्थानको व्यवस्था गर्नुपर्छ, जसले गर्दा पीडित वा अन्य अन्य व्यक्तिले आफूमाथि भएको वा आफूले अनुभव गरेको हिंसाबारे खुलेर बताउन सकून्। केही पीडितहरूका लागि आयोगका अधिकारीसँग गरेको कुराकानीनै आफू माथि भएको हिंसाबारे बोलेको पहिलो अवसर हुन सक्छ। पीडितहरू सङ्कोचका कारणले आफ्ना कथाहरू भन्न हिचकिचाउने हुन सक्छन। उनीहरूले सामाजिकरूपमा कलंकित हुने वा भावनात्मक असर पर्ने डरले गर्दा बोल्न नचाहेको पनि हुन सक्छन। उनीहरूले आफूमाथि भएको हिंसाका लागि आफैँलाई दोषी ठान्न सक्छन्। त्यसैले यस्ता पीडित वा सहयोगी व्यक्तिसँग सूचना लिने व्यक्ति पनि पीडित तथा त्यस्ता व्यक्तिको भावनालाई बुझ्न सक्ने निजहरूले तत्काल कुरा गर्न नचाहेको लैङ्गिक मुद्दालाई पहिचान गर्न सक्ने तालिम प्राप्त व्यक्ति हुनु पर्दछ। महिलाहरूबाट सूचना प्राप्त गर्न वा महिलालाई बयान गराउनका लागि आयोगले महिलाको व्यवस्था गर्न सकेमा पीडित महिलाहरू बढी खुलेर कुरा गर्न सक्छन् भन्ने कुरालाई पनि ध्यानमा राख्नु पर्दछ। यतिमात्र होइन कि मानवअधिकार वा मानवीय कानूनको उल्लंघनमा आरोपित व्यक्तिहरूको अनुसन्धान लिङ्गमैत्री हुनु आवश्यक छ। पीडित महिला र साक्षीहरूको अधिकार र गोपनीयताको रक्षा मुख्य चासोको विषय हुनु पर्दछ। पीडित महिला र साक्षीहरूले अनुरोध गरेमा बन्द इजलासमा सुनुवाई हुनु पर्दछ। खासगरी यस्तो संवेदनशीलता यौनजन्य हिंसाका घटनामा देखा पर्दछ र यसमा आयोगले उचित ध्यान पुऱ्याई सोहि बमोजिमको विशेष व्यवस्था गर्नु पर्दछ।

**(ऐ) सुनुवाई :** प्राय बेवास्ता गरिने लैङ्गिक हिसासँग सम्बन्धित विषयहरूमा ठूलो संख्याका जनतालाई सुसूचित गर्नका निम्ति सोहि क्षेत्रमा कार्यरत सार्वजनिक सुनुवाई संस्थाहरू सहयोगी साबित हुन्छन् । अर्को तर्फ पीडित महिला र साक्षीहरूको अधिकार र गोपनीयताको रक्षा मुख्य चासोको विषय हुनु पर्दछ । पीडित महिला र साक्षीहरूले अनुरोध गरेमा बन्द इजलासमा सुनुवाई हुनु पर्दछ ।

**(ओ)** न्यायका सर्वमान्य सिद्वान्तहरूको अनुसरण : सत्य निरूपण आयोगले न्यायका सर्वमान्य सिद्वान्तहरूको अनुसरण गरेको हुनुपर्छ । विशेष गरी निम्न कुरा हुन जरुरी हुन्छ :

- कारवाहीबाट उन्मुक्ती दिने कुरालाई हटाउने र अन्तर्राष्ट्रिय कानूनअन्तर्गत घोषित अपराधमा उन्मुक्ती दिने कार्यलाई निरुत्साहित गर्ने,
- साक्षी, आरोपित व्यक्ति वा अन्य सम्बन्धित व्यक्तिको कानुनी परामर्श र प्रत्युत्तर दिने अधिकारको प्रत्याभूति गर्ने,
- अपराध प्रमाणित नभएसम्म आरोपितलाई निर्दोष व्यक्ति सरह सम्मान गर्ने ।

**(औ) आयोगको काम कारवाहीमा पारदर्शिता :** सैद्धान्तिक हिसाबले भन्ने हो भने सत्य निरूपण आयोगको सम्पूर्ण कामकारवाहीहरू पारदर्शि हुनुपर्छ । सम्भव भएसम्म सत्य निरूपण आयोगको कार्यविधि र यसले प्राप्त गरेका उपलब्धिहरूको स्रोतका बारेमा सञ्चारमाध्यम र जनतालाई समय समयमा जानकारी दिनुपर्छ । विशेष रूपमा पीडित र साक्षी तथा अपराधका अभियुक्तहरूको हक, हित र प्रतिष्ठाको रक्षाका लागि गोपनियताको पनि आवश्यकता पर्ने विषयबाहेक आयोगको अन्य काम कारवाही पारदर्शि हुनु पर्दछ । सत्य निरूपण आयोगले आफ्ना पूरा कार्यकाल भरी यसका कामकारवाही प्रति चासो राख्ने जनतालाई सुसूचित गर्न विभिन्न प्रकारका सञ्चारमाध्यमहरू, भाषाहरू र ढाँचामा आफ्ना कामकारवाहीको बारेमा सूचना प्रवाहित गर्नुपर्छ । अन्तमा, आयोगले प्रकाशित गर्ने यस्ता प्रतिवेदनहरू विशेष गरी महिलालगायत धेरैभन्दा धेरै मानिसहरूले पढ्न सकून् भन्ने कुरा पनि ध्यानमा राखिनु पर्दछ । नेपाली महिलाको न्यून शैक्षिक स्तरलाई पनि विशेष ध्यान दिइनुपर्दछ । टेलिभिजन, रेडियो, चलचित्र, डकुमेन्ट्री, सार्वजनिक छलफल जस्ता सूचनाका वैकल्पिक माध्यमहरूको पनि व्यवस्था गरिनुपर्छ ।

(अं) **प्रतिवेदन तयारीः** सत्य निरूपण आयोगले अनुसन्धानबाट प्राप्त विवरण र त्यसको आधारमा आयोगको निचोडलाई अन्तरिम रूपमा र अन्तिम प्रतिवेदनको रूपमा तयार गरी आयोगको प्रतिवेदन कार्यान्वयनको लागि पेश गर्नुपर्ने हुन्छ। प्रतिवेदन तयार गर्दा आयोगले महिलाले भोग्नु परेका समस्या र त्यसको दीर्घकालीन समाधानको लागि राज्यले गर्नुपर्ने कानुनी र संस्थागत सुधारका बारेमा समेत स्पष्ट सिफारिस गर्ने कुरामा आयोग सजग हुनुपर्दछ।

## (ख) आयोगमा महिला सहभागिता कसरी सुनिश्चित गर्ने ?

महिला आफैँमा शान्तिका संवाहक भएको र द्वन्द्वबाट सबैभन्दा बढी महिलाहरूनै प्रभावित हुने भएकोले शान्ति प्रक्रियामा पनि महिलाको सक्रिय र प्रभावकारी सहभागिता बिना दिगो शान्ति कायम हुन सक्दैन। सत्य निरूपण आयोगका प्रत्येक चरणमा महिलाहरूलाई महत्वपूर्ण भूमिका प्रदान गरिनुपर्दछ। विशेष गरी महिला समूह तथा महिला अधिकारकर्मीहरूले सत्य निरूपण आयोगको सफलतामा सहयोगी भूमिका खेल्न सक्छन। सत्य निरूपण आयोगमा महिला सहभागिता सुनिश्चित गर्न देहाय बमोजिम व्यवस्था हुन आवश्यक हुन्छ :

- सत्य निरूपण आयोगसम्बन्धी कानूनको निर्माणमा महिलाको सहभागिता हुनु जरुरी छ। जसबाट आयोगको संरचना निर्माणलगायत अन्य कामकारवाहीमा महिला सहभागिताको लागि आवाज उठाउन सक्छन्।
- आयोगको गठन गर्दा महिलाको समानुपातिक प्रतिनिधित्वको माध्यमबाट महिला सहभागिता सुनिश्चित गर्न सकिन्छ।
- आयोगमा काम गर्ने कर्मचारी तथा विशेषज्ञहरूमा महिलाको समानुपातिक र यथार्थपरक हुनुपर्दछ।
- सत्य निरूपण आयोगलाई महिलासम्बन्धी सवालमा काम गर्न व्यापक र यथार्थपरक कार्यादेश हुनुपर्दछ।
- आयोगको कार्य निष्पक्ष र उचित ढङ्गले सम्पादन हुन्छ, महिलाको संवेदनसिलतालाई उचित सम्मान दिई निजहरूको सुनुवाईमा विशेष प्रक्रिया अपनाइने कुराको सुनिश्चितता हुनुपर्दछ।

- महिलाहरूलाई आयोगको प्रक्रियामा सहभागी भई आफ्ना कुराहरू अर्थात आफूले भोग्नु परेका पीडाहरू प्रस्टसँग राख्न उचित वातावरणको निर्माण गरी तिनीहरूलाई प्रोत्साहित गर्नु पर्दछ ।
- आयोगले गरेका सिफारिसहरू कार्यान्वयनको सुनिश्चितता प्रदान गर्नु पर्दछ । त्यसका लागि प्रभावकारी अनुगमनको व्यवस्था गरी संक्रमणकालमा महिलालाई न्याय प्रदान गरी उनीहरूको अवस्थामा सुधार ल्याउनु पर्दछ ।

## (ग) सत्य निरूपण आयोग र नेपाल

विगत दुई दशकमा नेपालमा मानवअधिकार हननसम्बन्धी अनुसन्धान गर्न थुप्रै आधिकारिक आयोगहरूको गठन भइसकेका छन् । ती आयोगहरूमा, पञ्चायतकालमा बेपत्ता पारिएका व्यक्तिहरूबारे सत्यतथ्य पत्ता लगाउन गठित अनुसन्धान आयोग (२०४७), मल्लिक आयोग (२०४७), रायमाझी आयोग (२०६३) पर्छन् । वास्तवमा यी आयोगहरूले दिएका सुझावहरू कहिलै पनि पूर्णरूपमा कार्यान्वयन गरिएनन् । जसले अब बन्ने सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रभावकारिताका विषयमा समेत जनमानसमा नकारात्मक सोचको सिर्जना गरेको छ । वास्तवमा यो आयोगको सिफारिस पनि विगतका आयोगको जस्तै हुने हो भने यो आयोग गठन हुनुभन्दा नहुनुमा नेपाल र नेपालीको कल्याण हुन्छ । यदि यो आयोगको सिफारिस कार्यान्वयन भएन भने त्यसले नेपालमा अर्को द्वन्द्व निम्त्याउँन सक्छ, जुन विगतको द्वन्द्वभन्दा भिषण र डरलाग्दो हुनसक्छ ।

**(अ) सत्य निरूपण आयोग :** सातदलीय सरकार र तत्कालीन नेकपा (माओवादी) बीच २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधान, २०६३ ले द्वन्द्वको अवधिमा भएका मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्ने तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमति गरेबाट यो विषयलाई राज्य र राजनीतिक दलहरूले समेत दायित्वको रूपमा लिइएका छन् । जसले नेपालमा विगतको द्वन्द्वका क्रममा भएका अपराध तथा ज्यादतीलाई सम्बोधन गर्ने, द्वन्द्वका कारक तत्वहरू पत्ता लगाउने, भोली द्वन्द्वको पुनरावृत्ति नहोस् भन्नको लागि गर्नुपर्ने कामको थालनी गर्ने महत्वपूर्ण ऐतिहासिक अवसरको ढोका खुलाएको छ ।

वृहत् शान्ति सम्झौता र संविधानले व्यक्त गरेको प्रतिबद्धता अनुरूप नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयले आयोग स्थापनाको लागि कानुनी संरचनाको रूपमा विधयकको मस्यौदा तयार गरी त्यसमा व्यापक छलफल र राय परामर्श लिई परिमार्जन सहित अन्तिम रूप प्रदान गरी कानून निर्माणको लागि व्यवस्थापिका संसदमा दर्ता गराइसकेको छ ।। (***संसदमा दर्ता भएको मस्यौदा अनुसूची १ मा हेर्नुहोस्)*** । हाल आयोग गठन भइनसक्दै कतिपय अवस्थामा प्रस्तावित आयोगको नाममा अपराधको अनुसन्धानमा बेवास्ता गर्ने, आयोग गठन भएपछि अनुसन्धान गर्नेछ भनी अनुसन्धान नगरेका गुनासाहरू सुनिएका छन् । सत्य निरूपण आयोगले अपराध अनुसन्धान र अभियोजनलाई सहयोग गर्न सक्दछ तर अनुसन्धान गरी आफैं अभियोजन गर्न सक्ने गरी अधिकार प्रदान गरिने प्रचलन छैन ।

## *(घ) बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा अनुसन्धान आयोग*

विस्तृत शान्ति सम्झौतामा द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्ने सम्बन्धमा छुट्टै आयोग गठन गर्ने सम्बन्धमा व्यक्त गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (थ) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने, कुरा व्यक्त गरेको छ । यसबाट यस्तो आयोग गठन गर्ने कुरालाई संविधानले अप्रत्यक्ष रूपमा स्वीकार गरको देखिन्छ । यसैगरी सर्वोच्च अदालतले मिति २०६४।२।१८ मा रीट नं ३५७५ ⁄ ०५५ मा बेपत्ता पारिएका नागरिकहरूको स्थिति यकीन गर्ने र पीडितका परिवारजनहरूलाई राहत सुविधा उपलब्ध गराउन एक उच्चस्तरीय आयोग गठन गर्ने आदेश जारी गरेको थियो । नेपाल सरकारले उल्लिखित अदालतको आदेश, संवैधानिक व्यवस्था तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता समेतलाई सम्बोधन हुने गरी विधेयकको मस्यौदा तयार गरी २०६५ सालमा अध्यादेश जारी गरेको थियो । संवैधानिक व्यवस्था बमोजिम उक्त अध्यादेश निष्क्रिय भएकोले त्यसमा पुन समसामयिक परिमार्जन गरी पुनः व्यवस्थापिका संसदमा विधेयक प्रस्तुत गरेको छ । *(प्रस्तावित मस्यौदा विधेयक अनुसूची २ मा हेर्नुहोस्) ।*

# ३

## परिपूरण





## (क) परिपूरण भनेको के हो ?

सामान्यत '**परिपूरण**' ले पुनर्निर्माण, क्षतिपूर्ति/मुआब्जा, पुनस्थापन, सन्तुष्टि र भविष्यमा पुनरावृत्ति नहुने कुराको प्रत्याभूतिलाई जनाउँदछ । यसले द्वन्द्वको अवधिमा मानवअधिकार तथा मानवीय कानूनको उल्लंघनबाट पीडित हुन पुगेका व्यक्तिहरूको पीडा वा दुःखलाई सम्बोधन गर्दछ । आफूमाथि भएका ज्यादतीलाई पीडितले पूर्णरूपले बिर्सिन सक्दैनन् अनि शारीरिक र मनोवैज्ञानिक असरहरू पनि पीडितमा लामो समयसम्म रहन सक्दछन् । परिपूरणको उद्देश्य पीडितलाई मानवअधिकार उल्लंघन हुनुभन्दा अगाडिको अवस्थामा ल्याउने रहेको हुन्छ । तर परिपूरणले पुन पुरानै अवस्थामा फर्काउन सक्छ भन्ने कुरा मान्न सकिदैन । किनकी द्वन्द्वको अवधिमा मानवअधिकार तथा मानवीय कानूनको गम्भीर उल्लंघनबाट भएका मानवीय क्षतिको पूर्ति पूर्ण रूपमा हुन सक्दैन । त्यसले परिपूरणले पीडितलाई आफ्नो जीवनलाई पुनर्निर्माण गर्न सहयोग मात्र पुऱ्याउँन सक्दछ ।

राज्यले सबै भन्दा पहिला पीडितहरू को हुन, तिनीहरूले कस्ता ज्यादती र पीडा सहनु पऱ्यो, त्यसलाई पुनः बहाल गर्न के कुराको आवश्यकता रहेको छ र राज्यबाट कस्तो किसिमको परिपूरणको आवश्यकता पर्दछ भन्ने कुरा निर्धारण गर्नुपर्दछ । महिलाहरूलाई आफ्नो समुदायको बारेमा पूर्ण जानकारी र आफ्ना परिवारको रेखदेखको बारेमा विशेष अनुभव हुने भएकोले परिपूरण कार्यक्रमको खाका तयार पार्न उनीहरूको सल्लाह सुझाव अत्यन्त महत्वपूर्ण हुन्छ । परिपूरण कार्यक्रमले विशेष गरी महिलाहरूले भोग्नु परेका मानवअधिकार हननका घटनालगायत मानवअधिकार हननका वृहत् क्षेत्रलाई समेट्न सक्नु पर्दछ । केही सीमित प्रकारका मानवअधिकार हननमा केन्द्रित परिपूरण कार्यक्रमले महिला र अन्य सीमान्तीकृत समुदायलाई बेवास्ता गर्ने सम्भावना रहन्छ ।

परिपूरणमा समावेश हुने विषयहरूका बारेमा देहाय बमोजिम छुट्टा छुट्टै उल्लेख गर्दा यस विषयमा बढी स्पष्ट हुन सकिन्छ :

**(अ) पुनर्निर्माण** : पुनर्निर्माणको उद्देश्य मानवअधिकार उल्लंघनका घटनाहरू घट्नभन्दा अगाडि रहेको संरचनालाई पहिलेको अवस्थामा पुनर्स्थापित गर्नु हो । उदाहरणका लागि विस्थापितहरूको पुनर्स्थापना, सम्पत्ति फिर्ता आदि । सामान्यतः पुनर्निर्माणले पीडितका द्वन्द्वको समयमा खोसिएका हक अधिकारहरू फिर्ता गर्दछ । पुनर्निर्माणलाई मानवअधिकार हननको उचित परिपूरणका रूपमा लिन सकिन्छ तर पनि पुनर्निर्माणले विगतमा गुमेका परिवार, कुमारित्व वा सामाजिक हैसियत जस्ता कुराहरू फिर्ता

गर्न भने सक्दैन । लैङ्गिक संवेदनशील पुनर्निर्माणका सन्दर्भमा राज्यले ध्वस्त भएका भौतिक पूर्वाधार तथा सेवामूलक क्षेत्रहरूमा राज्यद्वारा परिमार्जित पुनर्निर्माणका कार्यहरूलाई प्रश्रय दिएको उदाहरण प्रस्तुत गर्न सकिन्छ। जस्तो कि राज्यले विगतमा महिलाहरूको पहुँच नपुगेका स्थान र सेवाहरूमा उनीहरूको सहज पहुँचको सुनिश्चितता गर्न सक्दछ जस्तै लघु-वित्तका कार्यक्रमहरू, सीपमूलक कार्यक्रमहरू, लैङ्गिक न्यायमा केन्द्रित मानवअधिकार तालिमहरू इत्यादि ।

(आ) **क्षतिपूर्ति वा मुआब्जा:** क्षतिपूर्ति वा मुआब्जा भनेको मानवअधिकार उल्लंघनको कारण हुन गएको क्षतिको आर्थिक भरपाई हो । यसले द्वन्द्वको कारणले पुग्न गएको आर्थिक, सामाजिक, शारीरिक वा मानसिक क्षतिको पूर्ति राज्यद्वारा हुनुपर्ने कुरालाई जनाउँछ। त्यस्ता क्षतिमा सम्पत्तिको बिनास, अंगभंग, मृत्यु, मानसिक तनाव, अवसरहरूको नोक्सानी, जस्तै : रोजगारी, शिक्षा र सामाजिक लाभ; सामग्री क्षति र आम्दानीको क्षति; नैतिक क्षति; आदि पर्दछन्। कतिपय क्षतिको कुनै पूर्ति वा मुआब्जाको कल्पनासम्म पनि गर्न सकिदैन । मुआब्जा कुनै व्यक्तिले गुमाउनु परेको आर्थिक क्षति बराबर नभई उसले भोग्नु परेको मानवअधिकार हननको दाँजोमा हुनुपर्दछ। यदि मुआब्जा दिँदा द्वन्द्वकालमा गुमाउनु परेको आर्थिक क्षति वा आम्दानीलाई आधार मान्ने निर्णय भएमा कुनै महिलाले उनको पुरुष नातेदार गुमाउँदा बेहोर्नु परेको आर्थिक क्षति र घरमा उसले गर्ने निःशुल्क श्रमलाई समेत मध्यनजर राख्नु पर्दछ। लैङ्गिक संवेदनशील क्षतिपूर्तिमा एकमुष्ठ रकमको सट्टा मासिक पेन्सनको व्यवस्था गर्ने तथा बैंकमा महिलाहरूको नाममा । यस्तो योजना नेपालजस्तो पितृसतात्मक समाजमा अत्यन्तै प्रभावकारी र कारगार साबित हुन्छ जहाँ घरायसी आम्दानीमाथिको सर्वोपरी नियन्त्रण पुरुष सदस्यमा रहन्छ।

**(इ) पुनःस्थापना :** पुनःस्थापनाको उद्देश्य मानवअधिकार उल्लंघनबाट व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्य तथा मानसम्मानमा पुग्न गएको क्षतिलाई पुनःस्थापित गर्नु हो । यसले चिकित्सा तथा मनोवैज्ञानिक स्याहारको साथ साथै कानुनी तथा सामाजिक सेवालाई समावेश गर्दछ । मुआब्जाले सामान्यतः चिकित्सामा खर्च भइसकेको रकमको भरपाईलाई मात्र जनाउँछ भने पुनःस्थापनाले पीडितलाई निरन्तर दिने चिकित्सा र मनोवैज्ञानिक तथा मनोसामाजिक सेवा र स्याहारलाई जनाउँदछ। त्यसैगरी द्वन्द्वको समयमा कतिपय व्यक्तिहरू आफ्नो घरबास थातथलो छाडि विस्थापित जीवन बिताउन बाध्य हुने स्थितिको सिर्जना हुन्छ। तिनीहरूलाई उपयुक्त वातावरण बनाई

आफ्नो स्थानमा वा निजले चाहेको अन्य स्थानमा बसोबासको व्यवस्था गर्ने कार्य पनि पुनर्स्थापन अन्तर्गत पर्दछ । द्वन्द्वको कारणले बिछोडिएका परिवारलाई पुनर्मिलन गर्ने कार्य पनि एक प्रकारको परिपूरण हो । लैङ्गिक सवेदनशील पुनःस्थापनाको सवालमा महिलाहरूको दीर्घकालीन शारीरिक तथा मानसिक स्वास्थसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने खालका महिलालक्षित कार्यक्रमहरूको तर्जुमा गर्नुपर्दछ ।

लैङ्गिकमैत्री परिपूरण बनाउन निम्न लिखित कुराहरू समावेश गरिएको हुनुपर्दछ :

- मासिक पेन्सनका कार्यक्रमहरू,
- न्यूनतम ब्याजदरमा ऋण सहयोग,
- घरका आवश्यकताहरू पूर्ति हुने गरी आर्थिक सहयोग,
- बालबालिकाहरूका लागि शैक्षिक सहयोग, स्कूल आउने जाने यातायात सुविधा,
- रोजगारमूलक तालिमहरू,
- स्वास्थ्यसम्बन्धी सेवामा सहयोग, खास गरी प्रजनन् स्वास्थ्य र मनोविर्मश सेवा ।

**(ई) सन्तुष्टि :** द्वन्द्व पीडितका कतिपय हानी नोक्सानी वा पीडाको क्षतिपूर्ति गर्न सकिदैन, तर संक्रमणकालीन न्यायले त्यस्ता पीडितलाई पनि सम्बोधन गर्नुपर्छ । त्यस्ता पीडितले पनि न्यायको अनुभूति गर्ने वातावरण बनाइनु पर्दछ। खासगरी आफन्त गुमाएका पीडितहरूलाई कुनै रकम वा सुविधाले त्यसको पूर्ति गर्न सकिदैन । तर तिनीहरूलाई अन्य किसिमले सान्त्वना वा सन्तुष्टि दिलाउनु पर्दछ। पीडकद्वारा पीडितसँग माग्ने सार्वजनिक माफी, द्वन्द्वबाट ज्यान गुमाउनेको स्मरणोत्सव, श्रद्धाञ्जलि, स्मारक स्थलको निर्माण, अक्षयकोषको स्थापना आदि क्रियाकलापको माध्यमबाट पीडितलाई सन्तुष्टि दिलाउन सकिन्छ। मानवअधिकार हननका मुद्दाहरूमा पीडितको सन्तुष्टिका लाीग राज्यले माफी माग्ने तर समग्र संरचनामा कुनै परिवर्तन नगर्ने हो भने त्यस्तो माफी र सन्तुष्टिले विकृत प्रणालीको सुधारमा सहयोग गर्दैन भन्ने मान्यता भने विद्यमान छ ।

**(उ) अपराधको पुनरावृत्ति नहुने प्रत्याभूति :** भविष्यमा त्यस्ता मानवअधिकार तथा मानवीय कानूनको उल्लंघनका घटना नदोहोरिने कुराको ग्यारेन्टी गर्नु पनि संक्रमणकालीन न्यायको उद्देश्य हो र यसलाई परिपूरणको एउटा माध्यमको रूपमा लिइन्छ । यस्ता सम्भावित उल्लंघन रोकथामको लागि आवश्यक उपाय अपनाउनु र सुधारको व्यवस्था गर्नु पनि परिपूरणको अर्को उद्देश्य हो । यी प्रयासले भविष्यमा

मानवअधिकार उल्लंघनका अपराधको पुनरावृत्ति हुँदैन भन्ने कुराको सुनिश्चितता गर्दछ। उदाहरणको लागि कानूनको सुधार, संस्थागत सुधार, सशस्त्र र सुरक्षा निकायको लागि मानवअधिकार तालिम आदि यसअन्तर्गत पर्दछन्। संस्थागत सुधार गर्दा केही कुराहरूको (जस्तै शान्तिकालमा घटेका तर उदघाटित नभएका हिंसाका घटनाहरूको पहिचान गरी सम्बोधन हुन्छ भन्ने कुराहरू) ग्यारेन्टी गरिनुपर्दछ।

## (ख) नेपालमा परिपूरण

नेपाल सरकारले मानवअधिकार र मानवीय कानूनको उल्लंघनका कारणले पीडित हुन पुगेका व्यक्तिहरू र निजहरूको परिवारलाई केही मात्रामा परिपूरण उपलब्ध गराएको भएता पनि यो परिपूरण व्यापक र रणनीतिक कार्यक्रमको अंशको रूपमा नभई कामचलाउ प्रकारको छ। परिपूरण अहिलेसम्म आर्थिक क्षतिपूर्तिमा मात्र सीमित छ। त्यसैले सरकारको प्रस्तावित परिपूरण कार्यक्रमले पीडितले भोग्नु परेको यातना, दुर्व्यवहार, बलात्कार र यौन शोषण समेतलाई समेट्ने प्रयासमा परिपूरणको योजना निर्माणको आवश्यकता टड्कारो रूपमा महसुस गरिएको छ।

वि.सं. २०६६ को असार महिनाको मध्यसम्ममा सरकारले कुल १.३४ अरब रूपैया अन्तरिम राहत रकम मृतकका नजिकका हकदार, बेपत्ता पारिएका व्यक्तिको नजिकको हकदार, अपाङ्ग, घाइते तथा विस्थापित व्यक्ति लगायतका द्वन्द्व पीडितहरूलाई वितरण गरिसकेको छ। उक्त रकमको ठूलो हिस्सा मृतकका परिवारलाई प्रदान गरिएको छ। त्यसमध्ये केही रकम पीडितका सन्ततीहरूका निम्ति छात्रवृत्तिका रूपमा समेत वितरण गरिएको छ। कार्यविधिगत स्पष्टता तथा पारदर्शिताका लागि नेपाल सरकारले मृतकका नजिकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, बेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, द्वन्द्व पीडितलाई राहत प्रदान गर्ने सम्बन्धी मापदण्ड तयार गरी राहत तथा आर्थिक सहायता वितरण गर्दै आएको छ। तथापि अन्य विविध जटिलताका कारण द्वन्द्वकालमा मारिएका र बेपत्ता पारिएका व्यक्तिका सम्पूर्ण परिवारले यस्तो राहत रकम नपाएका हुनसक्छन।

सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी व्यवस्था गर्ने प्रस्तावित विधेयकमा परिपूरणसम्बन्धी व्यवस्था गरिएको छ। सो विधेयकमा रहेका कमीकमजोरीहरूका सम्बन्धमा विभिन्न संघसंस्था र सरोकारवालाहरूले दिएका राय सुझावका आधारमा नेपाल सरकारले विधेयकमा आवश्यक परिमार्जन गरेको छ।

# ४

## कानुनी तथा संस्थागत सुधार





## (क) कानुनी तथा संस्थागत सुधार के का लागि र कसरी ?

सामान्यत विगतमा युद्ध वा द्वन्द्व र त्यसबाट भएका मानवअधिकार र मानवीय कानूनको उल्लंघन हुनुको कारणमा विद्यमान कानुनी र संस्थागत कमीकमजोरीलाई जिम्मेवार मानिन्छ । साथै त्यस्ता कानून र संरचनालाई सुधार नगरी बास्तविक न्याय प्रदान गर्न र सदाका लागि दिगो शान्ति कायम गर्न सकिदैन भन्ने मान्यता रहेको छ । कानुनी तथा संस्थागत सुधारको मुख्य उद्देश्य मानवअधिकार उल्लंघनका घटनाहरू दोहोरिन नदिनु हो । संक्रमणकालीन न्यायका अन्य संयन्त्रहरू पीडित तथा पीडितका परिवारका लागि मात्र उपयोगी हुनसक्छन् भन्ने संस्थागत सुधारले समाजलाई नै प्रभाव पार्दछ । मानवअधिकार उल्लंघनका घटनाहरूलाई दोहोरिन नदिनका लागि निम्न उपाय अवलम्बन गरिनु पर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ :

(अ) **कानुनी सुधार :** द्वन्द्वको एउटा कारण विद्यमान कानूनले सबै नागरिकलाई समान रूपले संरक्षण गर्न नसक्नु हो, अर्थात कानूनबाट नै नागरिकहरूका बीचमा भएको विभेदले पनि द्वन्द्व निम्त्याउँछ। नागरिकको हक अधिकार र विकासका लागि समतामुलक कानूनको निर्माण हुनु आवश्यक छ । त्यसैले यस्ता नागरिकका सर्वतोमुखि विकासमा बाधक देखिएका कानूनमा आवश्यक सुधार गर्नु दिगो शान्तिको लागि सान्दर्भिक देखिन्छ ।

नेपाल अहिले नयाँ संविधान निर्माणको क्रममा छ । नेपालको सन्दर्भमा कुरा गर्दा नयाँ संविधान लेखनमा मानवअधिकारका विषय, महिला अधिकारका विषय सुनिश्चित गर्नु, अधिकारको कार्यान्वयनको लागि प्रभावकारी संयन्त्रको निर्माण जस्ता कुराहरू कानुनी सुधारअन्तर्गत पर्दछन् । गम्भीर प्रकृतिका मानवअधिकार हनन जस्तै : बेपत्ता पार्ने, यातना दिने, गैरकानुनी हत्या गर्ने, बालबालिकालाई लडाकूको रूपमा भर्ना गर्ने र युद्धमा सामेल गर्ने, महिला र बालिका विरुद्ध यौन हिंसा गर्ने जस्ता अपराधलाई नेपालको कानूनले अझै पनि स्पष्ट रूपमा अपराधको रूपमा व्यवस्था गरेको छैन । त्यसैले यस्ता कार्यलाई अपराधको रूपमा परिभाषित गर्ने, सशस्त्र समूह र सुरक्षा फौजबाट हुने मानवअधिकार हननलाई रोक्न अदालतलाई निश्चित अधिकार दिने, गम्भीर प्रकृतिका मानवअधिकार हननका घटना विरुद्ध अभियोजनमा भाग लिने पीडित र साक्षीको सुरक्षाको लागि रचनात्मक, दिर्घकालीन र प्रभावकारी कार्यक्रमको प्रत्याभूत गर्ने, मानवअधिकारको उल्लंघनसम्बन्धी

विषयमा मानवअधिकार आयोगलाई बढी प्रभावकारी बनाउने जस्ता कानूनको निर्माण नेपालमा कानून सुधारअन्तर्गत गर्न सकिन्छ ।

त्यसै गरी कतिपय कानूनमा भएका व्यवस्थाले नै दण्डहीनतालाई बढाएको, द्वन्द्वलाई निम्त्याउन सहयोग गरेको भन्ने गुनासाहरू सुनिएका छन् । उदाहरणका लागि कर्तव्य पालनका सिलसिलामा राम्रा उद्देश्यले गरेका भनी मानवअधिकार हननका कार्यहरूमा प्रहरीलाई छुट दिने प्रहरी ऐन, २०५५ का प्रावधानहरू , कर्तव्य पालनका सिलसिलामा राम्रा मनासयले गरेको कार्यहरू भनी छुट दिने नागरिक सुरक्षा ऐन, १९८९ का प्रावधानहरू, कर्तव्य पालनका सिलसिलामा राम्रा उद्देश्यले गरेको कार्यहरू भनी छुट दिने सैनिक ऐन, २०१६ का प्रावधानहरू इत्यादि । यस्ता कानूनलाई संशोधन र सुधार गर्नु पनि संक्रमणकालीन न्यायको अर्को उद्देश्य हुनसक्दछ । सेना, प्रहरी लगायतका सुरक्षाबललाई मानवअधिकार, महिलाअधिकार जस्ता विषयमा तालिम दिइनुपर्छ । सशस्त्र र सुरक्षा फौजको अनुगमन गर्न एक स्वतन्त्र बाह्य निकायको गठन नेपालको लागि आवश्यक रहेको जिकिर नागरिक समाजले उठाउदै पनि आएको छ ।

**(आ) सुरक्षा अङ्गको सुधार :** सुरक्षा निकायसँग सम्बन्धित कानुनी, व्यवहारिक र संरचनागत त्रुटि र समस्याका कारण पनि धेरै मानवअधिकार र मानवीय कानूनको उल्लंघन हुने गर्दछन् । त्यसैले सुरक्षा क्षेत्रको सुधार कुनै पनि द्वन्द्वबाट शान्ति तर्फ उन्मुख देशको लागि महत्वपूर्ण सर्त हो । अन्तर्राष्ट्रिय मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघन नजरअन्दाज गर्ने कानूनको पुनरावलोकन र सुधार नगरी मानवअधिकार उल्लंघनका अपराधको पुनरावृत्ति नहुने कुराको सुनिश्चितता गर्न सकिंदैन ।

**(इ) न्यायिक प्रणालीमा सुधार :** नागरिक अदालत तथा सैनिक अदालतमा गरिने सुनुवाईले कानुनी कार्यविधिको उचित परिपालना तथा निष्पक्षता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना भएको छ भन्ने कुराको सुनिश्चित गरी न्यायपालिकाको स्वतन्त्रतालाई सुदृढ गरिनुपर्दछ । न्याय सम्पादनका लागि स्वतन्त्र, सक्षम र निष्पक्ष रूपमा न्याय सम्पादन गर्न, आर्थिक संसाधनले सम्पन्न र मानवअधिकार प्रवर्द्धन गर्न सक्ने तालिम प्राप्त मानव संसाधनयुक्त न्यायपालिकाको व्यवस्था हुनपर्दछ । महान्यायाधिवक्ताको कार्यालय स्वतन्त्र र सक्षम हुनुपर्छ । यसलाई कुनै गम्भीर प्रकारको अपराधको अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिने तथा कुनै मुद्दामा

राज्यका तर्फबाट अभियोजन गर्ने वा नगर्ने भन्ने विषयमा निर्णय गर्न सक्ने अधिकारमा कतैबाट हस्तक्षेप हुनु हुँदैन । क्षमताभन्दा बढी बन्दी राखिएको तथा जीर्ण अवस्थामा रहेका कारागारको सुधार गरिनुपर्दछ । कारागारले कैदीहरूलाई औषधी, मानसिक स्वास्थ्यको हेरचाह र शिक्षाको अवसर जस्ता आधारभूत सेवाहरू उपलब्ध गराउनु पर्दछ भन्ने कुराहरू न्यायिक प्रणालीमा गरिनुपर्ने सुधारको क्षेत्र भित्र रहेका छन् । प्रहरी, महान्यायाधिवक्ताको कार्यालयमा मानवअधिकार उल्लंघनका मुद्दा, यौनजन्य अपराध तथा बालबालिकासँग सम्बन्धित अपराधको अनुसन्धान र अभियोजन गर्ने विशेष एकाइको स्थापनाको आवश्यकता पनि नागरिक समाज र महिला अधिकारकर्मीहरूले उठाउँदै आएका छन् ।

**(ई) नागरिक समाजको सशक्तीकरण :** कानून व्यवसायी, चिकित्सा तथा स्वास्थ्यकर्मी, सञ्चारकर्मीका साथै मानवअधिकार रक्षक र अन्य सम्बन्धित पेशाकर्मीहरूको संरक्षण र सशक्तीकरण पनि मानवअधिकार अपराधको पुनरावृत्ति हुन नदिन उत्तिकै जरुरी हुन्छ । नेपालको सन्दर्भमा नागरिक समाजको मनस्थितिमा समेत सुधारको महसुस गरिएको छ । नागरिक समाज पनि विभाजित रहेको र त्यसमा पनि धेरैले पार्टीको बिल्ला भिरेका हुन कि भन्ने चौतर्फी महसुस गरिएको छ । त्यसैले नागरिक समाज व्यक्तिगत स्वार्थमा लाग्ने वा कुनै राजनीतिक दलको वकालत गर्ने नभई जनता, समाज र राष्ट्रको हितलाई सर्वोपरि मान्ने हुनुपर्दछ ।

**(उ)मानवअधिकार शिक्षा :** प्राथमिकताको आधारमा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानून सम्बन्धमा समाजका सबै क्षेत्र तथा कानून कार्यान्वयन गर्ने अधिकृतलगायत सैनिक र सुरक्षा फौजलाई समेत उचित तालिमको तथा अभिमुखीकरणको व्यवस्था गरिनुपर्दछ । यस्ता तालिम एकपटकमात्र नभई विशेष पाठ्यक्रममा आधारित रहेर समय समयमा सञ्चालन गरिनुपर्दछ । मानवअधिकारसम्बन्धी विषयलाई विद्यालय स्तरको पाठ्यक्रममा समेत समावेश गरिनु उपयुक्त हुन्छ ।

**संस्था सुधारका लागि अपनाइने विभिन्न प्रक्रियाले उक्त संस्थाहरूलाई महिलाहरूका निम्न आवश्यकताहरू प्रति उत्तरदायी हुन अवसरहरू प्रदान गर्दछन ।**

- महिलाहरूको आवश्यकतालाई सम्बोधन गर्ने कार्य महिलाहरूको मात्र होइन; यो सबैको जिम्मेवारी हो । तथापि महिलाअधिकार सुनिश्चित गर्ने अभियानमा महिलाहरूले नै प्रभावकारी र शक्तिशाली भूमिका निर्वाह गर्न सक्छन् । उच्च पदस्थ महिलाहरूले आम महिलाहरूको आवश्यकताहरू सम्बोधन गर्न र सो सम्बन्धमा भएका प्रगतिहरू अनुगमन गर्न सहमति विकास गर्न सक्छन् । उच्च तह अर्थात नेतृत्व तहमा रहेको महिलाहरूले एउटा आदर्श र सक्षम नागरिक बनेर भविष्यका महिला नेतृहरूलाई प्रेरणा दिन सक्छन् । उनीहरू आदर्श बन्न सक्छन् र महिलाहरू पनि देशलाई हाक्न सक्षम छन् भन्ने प्रभाव समाजमा छाड्न सकेमा महिलाको सशक्तीकरणमा टेवा पुग्न सक्छ । र अवसर पाएमा महिला पनि शक्तिशाली र प्रभावी हुन सक्छन् भन्ने कुरालाई प्रमाणित गर्न सहयोग पुग्दछ ।
- न्याय प्रणाली महिलाहरूको अधिकारको संरक्षकमध्ये एक हुन सक्छ, त्यसैले यसमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । न्यायिक संस्थाहरूमा पुरुषहरूको वर्चस्व कायम रहेसम्म महिलाहरूका आवश्यकता कमै मात्र सम्बोधन हुने सम्भावना रहिरहन्छ । वकिल, प्रहरी अधिकृत, न्यायधीश र अन्य न्यायिक अधिकृतका रूपमा महिलाको गुणस्तरीय संख्या वृद्धिका लागि आवश्यक सुधार प्रक्रिया अगाडि बढाउन पर्दछ । महिलाहरूलाई महत्वपूर्ण कार्यक्षेत्रहरूमा प्रवेश गर्न प्रोत्साहित गर्नु पर्दछ र महिला सहभागिता वृद्धि गर्न आवश्यक संसाधन उपलब्ध गराइनुपर्दछ । उल्लिखित पेशा व्यवसाय प्रवेशमा पुरुष तथा महिला दुवैलाई समान र समतामुलक अवसर प्रदान गरिनुपर्दछ ।
- महिला विरुद्धका अपराधमा जिम्मेवार ठानिएका व्यक्तिलाई पीडक परीक्षण (vetting) मार्फत कारवाही गर्नुपर्दछ । जबरजस्ती करणी र अन्य किसिमका यौनजन्य हिंसालाई पनि यातना, गैर न्यायिक हत्या र जबरजस्ती बेपत्ता सरहको कसूर मान्नु पर्दछ ।
- पीडक परीक्षण (vetting) गर्ने संस्थाले पीडकहरूका स्थानमा महिलाहरूलाई पुनर्स्थापित गरी महिलाहरूका लागि अवसर वृद्धि गर्न सक्दछन् ।

- पीडक परीक्षणले महिला विरुद्धका अपराध गर्ने व्यक्तिहरूलाई संस्थाबाट मुक्त गरी रिक्त स्थानमा महिलालाई जिम्मेवारी प्रदान गर्न सक्दछ ।
- तालिमलाई लैङ्गिताको दृष्टिकोणबाट हेरिनु पर्दछ र यसले सम्बन्धित निकायमा कार्यरत व्यक्तिहरू माझ महिलाका आवश्यकताबारे शिक्षा प्रदान गरी आफू कार्यरत निकायले ती आवश्यकतालाई कसरी सम्बोधन गर्न सक्दछन् भन्ने सम्बन्धमा समेत जानकारी प्रदान गर्ने लक्ष्य राख्नु पर्दछ । साथै महिला केन्द्रित विशेष तालिमको व्यवस्था पनि गरिनुपर्दछ ।

# ५

## अभियोजन





### क) मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूका सम्बन्धमा अनुसन्धान तथा अभियोजन

मानवअधिकार तथा मानवीय कानूनको गम्भीर उल्लंघनका सम्बन्धमा अनुसन्धान र अभियोजन गर्नु र उल्लंघन गर्ने व्यक्तिहरूलाई सजाय दिनु हरेक राज्यको दायित्व हो । खासगरी द्वन्द्वको अवधिमा यस्ता घटनाहरू प्रशस्त मात्रामा घटेको यथार्थ हाम्रा सामु ताजै छ । यस्ता घटनाको छानविनका सम्बन्धमा नेपालको विद्यमान कानुनी व्यवस्थालाई हेर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५० लाई मुख्य आधारको रूपमा लिनुपर्ने हुन्छ । उक्त कानुनी व्यवस्थालाई हेर्ने हो भने नेपाल प्रहरीले कुनै पनि अपराधका घटना सम्बन्धी उजुरीलाई दर्ता गरी अनुसन्धानलाई अगाडि बढाउने र अनुसन्धानबाट प्राप्त प्रारम्भिक परिणामलाई सरकारी वकिल समक्ष पेश गर्नुपर्ने दायित्व सुम्पेको छ। तर पनि नेपाल प्रहरी गम्भीर प्रकृतिका मानवअधिकार हननका घटनाहरूको अनुसन्धान गर्न आशा गरेअनुरूप सफल देखिएको छैन भन्ने नागरिक समाजको गुनासो एकातर्फ रहँदै आएको छ भने अर्कातर्फ द्वन्द्वकालमा भएका मानवअधिकार र मानवीय कानूनको उल्लंघनका घटनाहरूमा सेना र प्रहरी लगायतका सुरक्षा फौजको पनि संलग्नता रहेकोले तिनै घटनाहरूको अनुसन्धानको जिम्मा उनीहरूलाई नै दिँदा अनुसन्धानको निष्पक्षता माथि नै प्रश्न चिह्न उठ्नु अस्वभाविक होइन ।

प्रहरीद्वारा अनुसन्धानपश्चात पेश गरिएको प्रतिवेदनको आधारमा मुद्दा चलाउने वा नचलाउने जिम्मेवारी हाम्रो संविधानले महान्यायाधिवक्तालाई सुम्पेको छ । तर व्यवहारमा यस्ता गम्भीर प्रकृतिका मानवअधिकार हननका घटनाहरू अदालत समक्ष निकै कम मात्र पुग्न सकेको पाइन्छ ।

त्यसैले द्वन्द्वको अवधिमा भएका मानवअधिकार तथा मानवीय कानूनको उल्लंघनका घटनाको अनुसन्धान गरी यथार्थ स्थितिको जानकारी ल्याउनु तथा दोषी उपर अभियोजनको लागि सिफारिस गर्नु पनि संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण पक्ष हो । संक्रमणकालीन न्यायका संयन्त्रको निर्माण गर्दा यस पक्षलाई पनि विशेष सावधानीका साथ हेरिनुपर्दछ । यस्ता विषयमा अनुसन्धानमा अनुभव हासिल गरेका राज्यका संयन्त्र जस्तो कि प्रहरी प्रशासनलाई अलग राखेर नयाँ सयन्त्रको निर्माण गर्नु र तिनीहरूको निष्पक्षता र सक्षमताको ग्यारेन्टी गर्नु आफैंमा चुनौती पूर्ण कार्य हो । यदि यस्ता घटनाहरूको निष्पक्ष र कुसलताका साथ छानविन हुन सकेन भने यसले संक्रमणकालीन न्यायको मर्ममा प्रहार गर्दछ साथै

संक्रमणकालीन न्यायका संयन्त्र माथि जनताको विश्वास गुम्न जान्छ र अन्ततोगत्वा मुलुकमा अशान्ति, अराजकता र दण्डहीनताले प्रश्रय पाउँछ ।

मानवअधिकार तथा मानवीय कानूनको गम्भीर उल्लंघनमा अनुसन्धान गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगअन्तर्गत एउटा छुट्टै एकाइको गठन गरिनु पर्दछ र त्यस एकाइमा रहने कर्मचारीलाई विशेष तालिम र सुविधाको व्यवस्था गरी सक्षम बनाइनु पर्दछ । यसका साथै यस्ता विवादको बहस पैरवीमा संलग्न हुने सरकारी वकिलहरूलाई र मुद्दा हेर्ने न्यायाधीशलाई समेत संक्रमणकालीन न्यायको सिद्वान्त र मर्मसँग परिचित गराइनु पर्दछ । यस्ता विवादको सुनुवाईका लागि छुट्टै विशेष अदालतको व्यवस्था गरिनु पर्दछ । जसले सत्य निरूपण आयोग र बेपत्तासम्बन्धी आयोगले अनुसन्धान गरी अभियोजनका लागि सिफारिस गरेका विवादको निरूपण गर्ने अधिकार राखोस् भन्ने माग नागरिक समाजको रहेको छ ।

खास गरी द्वन्द्वको अवधिमा घटेका मानवअधिकार तथा मानवीय कानूनको उल्लंघनका घटनाको अभियोजन र कारवाही विभिन्न हिसाबले गर्न सकिन्छ, जस्तै :

१) आफ्नै देशका अदालतहरूलाई सुदृढीकरण गर्ने र तिनैमार्फत मुद्दाको सुनुवाई गर्ने ।

२) अर्को उपाय भनेको मिश्रित अदालत हुन् । यदि द्वन्द्वका कारण देशको न्याय प्रणाली एकदम कमजोर छ र मुद्दाको निष्पक्ष सुनुवाई हुन सक्दैन भने राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तिहरू रहेको मिश्रित अदालत बनाउन सकिन्छ । सियरा लियोन र कम्बोडियामा राष्ट्रिय न्यायालयको क्षमताको परिपूरकका रूपमा अन्तर्राष्ट्रिय न्यायाधीश, वकिल तथा अन्य विशेषज्ञहरूको सहयोग लिइएको थियो ।

३) अन्तर्राष्ट्रिय अदालत । विगतमा संयुक्त राष्ट्र संघले पूर्व यूगोस्लाभिया र रुवान्डामा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाको छानबिनका लागि दुई वटा छुट्टा छुट्टै अन्तर्राष्ट्रिय अदालत स्थापना गरेको थियो ।

यी मध्ये राष्ट्रिय अदालतबाट सुनुवाई गर्नुनै नेपालको लागि उपयुक्त हुन्छ भन्ने धेरैको भनाई रहदैआएको छ। अपराधहरू भएका स्थानहरूमा राष्ट्रिय अभियोजन गरिँदाका धेरै फाइदाहरू छन् । स्थानीय जनताहरूले स्थानीय सञ्चारमाध्यमहरूबाट सजिलै प्रगतिका बारे जान्न सक्छन् र उनीहरू त्यसमा बढी संलग्न हुन सक्छन् । न्यायालयले दिएको निर्णयको स्वीकार्यता समेत बढेर जान्छ। तर स्थानीय न्यायिक संस्कृतिले यसमा ठूलो भूमिका खेल्दछ ।

## ख) महिला र अभियोजन

संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको प्रस्ताव नं. १८२० ले यौनजन्य हिंसालाई क्षमादानको विषय बनाइनु हुँदैन भन्ने कुरामा जोड दिएको छ र सदस्य राष्ट्रहरूलाई यस्ता घटनामा संलग्न व्यक्तिलाई अभियोजन गर्ने, यौनजन्य हिंसाका पीडितहरू विशेष गरी महिला र बालिकाहरूको सुरक्षा तथा न्यायिक पहुँचको प्रत्याभूत गर्ने र दिगो शान्ति, न्याय, सत्य, र राष्ट्रिय मेलमिलापका लागि गठित वृहत् कार्यक्रमले दण्डहीनताको अन्त्य गर्नुपर्दछ भन्ने निर्देशन गर्दछ।

मानवअधिकार गम्भीर उल्लंघनका शिकार भएका महिला तथा बालिकाको न्याय पाउने अधिकार हुन्छ। जति मात्रामा महिला तथा बालिका विरुद्ध भएका मानवअधिकार हननका घटनाहरूलाई सफलता पूर्वक अभियोजन गरिन्छन् त्यतिनै मात्रामा जनतालाई उनीहरूले भोग्नु परेका पीडाका बारेमा जानकारी हुन्छ। त्यसैले महिला विरुद्ध भएका मानवअधिकारका गम्भीर उल्लंघनका घटनालाई अभियोजन गर्न र उनीहरूको न्यायमा पहुँच पुऱ्याउनु अत्यन्त जरुरी छ। यसका लागि कानुनी र नीतिगत व्यवधानहरू हटाई महिलालाई आफ्नो अधिकार प्राप्तिका लागि सशक्त बनाइनु पर्दछ। महिलालाई न्यायमा पहुँच पुऱ्याउन खासगरी दुई प्रकारका चुनौती देखा पर्दछन :

१. कानुनी र नीतिगत चुनौती र
२. सामाजिक चुनौती।

कानुनी अड्चनहरूले महिला तथा बालबालिकाहरू विरुद्ध भएका जघन्य मानवअधिकार हनन विशेष गरी यौनजन्य हिंसाका घटनाहरूलाई अभियोजन गर्न बाधा पुऱ्याउँछ। यस्ता अड्चनहरू कानुनी सुधारद्वारा हटाइनु पर्दछ। जबरजस्ती करणी र अन्य यौनजन्य हिंसालाई अपराधको रूपमा स्वीकार नभएका वा संकुचित रूपमा व्याख्या गरेका अवस्थामा महिला तथा बालिका विरुद्ध भएका अपराधलाई न्यायिक प्रणालीमा सजाय योग्य अपराधको रूपमा किटान गर्न र यसको परिभाषा अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुसार बनाउन कानुनी सुधार हुनु आवश्यक छ। महिला तथा बालिका विरुद्ध भएका अपराधको अनुसन्धान तथा सुनुवाईमा विशेष व्यवस्था अपनाउन सकिएन भने सही न्याय प्रदान गर्न सकिँदैन। त्यसैले तिनीहरूसँग संलग्न मुद्दामा प्रमाण जुटाउँदा विशेष ध्यान दिइनुपर्दछ। उदाहरणका लागि, यौनजन्य अपराधमा लामो समय पछि भौतिक प्रमाण जुटाउन गाह्रो पर्छ र पीडित तथा साक्षीको बयानमा सामञ्जस्यता कायम गर्न गाह्रो हुन सक्छ।

महिला तथा बालिका विरुद्ध भएका अपराधका सम्बन्धमा रहेको हदम्यादका कारण अभियोजन गर्न नसकिने हुनसक्छ । उदाहरणका लागि, नेपालमा जबरजस्ती करणीसम्बन्धी अपराधमा जाहेरी गर्ने हदम्याद घटना घटेको मितिले ३५ दिनको रहेको छ । यसको अर्थ पीडितले ३५ दिन भित्र उजुरी दर्ता गर्नुपर्दछ । अन्यथा जाहेरी दिने हदम्याद समाप्त हुने र पीडितले कानुनी उपचार नपाउने हुनजान्छ । अन्य अपराधको तुलनामा यस अपराधको जाहेरी दिने हदम्याद न्यायसंगत देखिँदैन जबकि अन्य गम्भीर फौजदारी अपराधको सम्बन्धमा जहिले पनि जाहेरी दिन सकिने व्यवस्था छ (उदाहरणका लागि ज्यानसम्बन्धी कसूर) । यसर्थ जबरजस्ती करणी तथा अन्य यौनजन्य अपराधमा हदम्यादको सीमा लगाइनु हुँदैन ।

क्षमादान प्रथाले महिला तथा बालिका विरुद्ध भएका मानवअधिकार हननका घटनालाई अभियोजन गर्न बाधा उत्पन्न गर्न सक्छ । मानवअधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनका घटनाहरूमा क्षमादान गरिनु हुँदैन त्यसमा पनि विशेष गरी महिला तथा बालिका विरुद्ध भएका त्यस्ता घटनामा क्षमादान दिइनु गैरकानुनी हो भन्ने कुराको सुनिश्चितता कानूनमा नै गर्नुपर्दछ ।

कानूनले आफ्नो विरुद्ध भएका जघन्य मानवअधिकार हननका घटनाका पीडित महिला तथा बालिकाको रक्षा र सुरक्षाका लागि प्रभावकारी कार्यक्रम व्यवस्था गर्नुपर्दछ । यदि तिनीहरूको सुरक्षाको उचित प्रबन्ध गर्न सकिएन भने वास्तविकता बाहिर आउन सक्दैन र अपराधी उम्कने सम्भावना रहन्छ । साथै पीडितले न्याय पाउने सम्भावना क्षीण भएर जान्छ । त्यसै गरी महिला तथा बालिका विरुद्ध भएका मानवअधिकार हननको अपराधको गम्भीरताको तुलनामा कानूनले दिने सजाय न्यून हुन सक्छ । त्यसैले अपराधको गम्भीरताअनुसार सजायको व्यवस्था गर्न त्यस्ता कानूनमा पुनर्विचार गरिनुपर्दछ ।

महिला तथा बालिका विरुद्ध हुने मानवअधिकार हनन अन्य प्रकारको प्रभावकारी अभियोजनका लागि नीति निर्माण स्तरमा नै सुधार गरिनुपर्दछ ।

- महिला तथा बालिका विरुद्धको मानवअधिकार हननका घटनालाई अनुसन्धान र अभियोजन गर्दा विशेष ध्यान दिइनुपर्दछ । महिला तथा बालिका विरुद्धको मानवअधिकार हननका घटनालाई अभियोजन नगर्ने कुनै पनि निर्णयले निष्पक्ष सुनवाई हकको हनन गर्ने मात्र होइन पीडितको पुनर्स्थापन र न्यायमा पनि नकारात्मक प्रभाव पार्दछ ।
- अनुसन्धान प्रणालीलाई महिला तथा बालिका मैत्री बनाइनुपर्छ ।

- प्रहरीले लिने बयानलाई पनि पुनः अध्ययन गरी तिनीहरू पीडितको आवश्यकता प्रति संवेदनशील भएको प्रत्याभूत गर्ने र पुनः पीडित हुने खतरा छैन भन्ने कुराको प्रत्याभूत गरिनुपर्दछ ।
- पुरुषको बाहुल्यता भएको अनुसन्धान टोलीले पीडित महिला तथा बालबालिकालाई हतोत्साहित गर्न सक्छ । त्यसैले अनुसन्धान टिममा महिलाहरूलाई पनि समावेश गरिनुपर्दछ । महिला तथा बालिका विरुद्ध भएको मानवअधिकार हननको घटनाको अनुसन्धान गर्न योग्य र विशेष तालिम प्राप्त महिला अधिकृतहरूको व्यवस्था पनि गर्न सकिन्छ ।
- महिला तथा बालिकाको न्यायसम्म पहुँच पुऱ्याउन न्यायाधीश, कानून व्यवसायी, अनुसन्धान कर्ता र प्रहरीलाई उपयुक्त तालिमको व्यवस्था गरिनुपर्दछ ।

**मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराधका सम्बन्धमा अनुसन्धान तथा अभियोजनमा महिला सहभागिता**

हाम्रो सामाजिक परिवेशले सिर्जना गर्ने विभिन्न बाधा व्यवधानहरूले महिला तथा बालिकाको न्यायसम्मको पहुँचलाई संकुचन गरी उनीहरू विरुद्ध भएका गम्भीर प्रकृतिका मानवअधिकार हननका घटनाको अनुसन्धान तथा अभियोजनका कार्यमा भाग लिन अर्थात अपराधीका विरुद्ध प्रमाण जुटाउने कार्यमा संलग्न हुनबाट वञ्चित गर्न सक्छन् र अन्तमा उनीहरू अनुसन्धान तथा अभियोजन प्रक्रियाबाट पछि हट्नु पर्ने बाध्यता सिर्जना हुन सक्छ ।

महिला तथा बालिका विरुद्ध भएका गम्भीर प्रकृतिका मानवअधिकार हननका घटनाहरू विशेष गरी यौनजन्य हिंसाका घटनाहरू प्रायः सामाजिक लान्छना, बेइज्यती, सामाजिक बहिस्कार र बदला लिने जस्ता डरले गर्दा उजुरी गर्न अर्थात कानुनी उपचार खोज्न हिचकिचाउने, उजुरीसम्म गरे पनि मुद्दालाई अगाडि बढाउन र अभियोजनलाई निरन्तरता दिन नसक्ने स्थिति अद्यापि कायम छ ।

महिलाहरू आफू विरुद्ध भएका हिंसाको मात्राअनुसार आफैंलाई दोषी ठान्न सक्छन् । अशिक्षाका कारणले यस्ता हिंसाको विरुद्ध उपचारबारे ज्ञान नहुँदा यस्ता समस्याहरू उत्पन्न हुन्छन् । परम्परागतरूपमा नै राज्यका निकाय तथा न्यायिक संयन्त्रमा पुरुष सदस्यको बाहुल्यता रहने गरेको कारण निर्णयमा पनि उनीहरूको

भूमिका प्रमुख रहने गरेको छ। त्यसैले महिलाहरूले आफूले केही गर्दा पुरुष सदस्य र मित्रहरूले आफ्ना विरुद्ध नकारात्मक धारण राख्छन् कि भनेर डराउँछन। अभियोजन प्रक्रिया निकै खर्चिलो पनि हुन सक्छ। महिलाले राज्यको सहयोग बिना आफ्ना समस्या गुनासो वा पीडा व्यक्त गर्न वा प्रमाणहरू पेश गर्न सक्दैनन्। त्यसैले कानुनी प्रक्रियामा जान नसक्ने पीडितहरूको लागि निःशुल्क कानुनी सहायता कार्यक्रममा बढीभन्दा बढी लगानी गरिनुपर्दछ। यस्ता स्रोत र सुविधाबारे जनचेतना जगाउने कार्यक्रमहरू विशेष गरी महिलाहरूलाई लक्षित गरी सञ्चालन हुनुपर्दछ।

पीडित समूह र महिला समूहले महिला तथा बालिका माथि भएको मानवअधिकार हननका घटनाहरूबारे छलफल कार्यक्रम चलाई त्यस्ता घटनालाइ सम्बन्धित निकायसम्म पुऱ्याउन हौसला दिने र त्यस्ता प्रक्रियामा सहयोग गर्ने काममा प्रमुख भूमिका खेल्न सक्छन्।

## (ग) अन्तर्राष्ट्रिय फौजदारी अदालत भनेको के हो ?

अन्तर्राष्ट्रिय फौजदारी अदालत सन् २००२ जुलाई १ मा रोममा हस्ताक्षर गरिएको सन्धिद्वारा स्थापना भएको एउटा अन्तर्राष्ट्रिय अदालत हो। यस अदालतले नरसंहार, मानवता विरुद्धका अपराध तथा युद्ध अपराधहरूको अनुसन्धान तथा अभियोजन गर्ने अधिकार राख्दछ तर त्यस्ता अपराध :

(क) यस सन्धिलाई अनुमोदन गर्ने राष्ट्रहरूमा घटेको हुनुपर्दछ।
(ख) र यस सन्धिलाई अनुमोदन गर्ने राष्ट्रको नागरिक जिम्मेवार रहेको हुनुपर्दछ।

## (घ) नेपाल तथा अन्तर्राष्ट्रिय फौजदारी अदालत

नेपालले हालसम्म अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्ने सन्धिलाई अनुमोदन गरेको छैन र अन्तर्राष्ट्रिय फौजदारी अदालत नेपालमा भएका अपराधहरू माथि कुनै क्षेत्राधिकार छैन। नेपालले उक्त सन्धि अनुमोदन गरिसके पछि अनुमोदन भएको मितिपश्चात नेपालमा घटेका अपराधहरू तथा नेपालीद्वारा भएका अपराधहरूलाई उक्त अदालतले अनुसन्धान गर्न सक्ने अधिकार पाउने छ। यदि नेपाल सरकारले यस्तो चाहेमा उसले आईसिसिलाई सन्धि अनुमोदन अगावै भएका घटनाहरू अनुसन्धान तथा अभियोजन गर्न अनुरोध गर्ने निर्णय लिन सक्छ। तर उक्त अदालतले सन २००२ जुलाई अगाडि भएका अपराधहरूको अनुसन्धान तथा अभियोजन भने गर्न मिल्दैन।

# अनुसूची

**१ : सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

२ : व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) सम्बन्धी विधेयकको मस्यौदा विधेयक





# अनुसूची १

## सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना :** सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य जनता समक्ष ल्याउन,

मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायराभित्र ल्याई दण्डहीनताको अन्त्य गर्न, भविष्यमा त्यस्तो काम नदोहोरिने सुनिश्चितता प्रदान गर्न र त्यस्तो काम गरेमा सजाय हुने तर्फ सबैलाई सतर्क गराउन,

सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूको परिपूरण प्राप्त गर्ने अधिकारको संरक्षण र सम्मान गर्दै निजहरूलाई परिपूरणको व्यवस्था गरी राज्यको तर्फबाट न्यायोचित व्यवहार गर्न, तथा

पीडक र पीडितबीच पारस्परिक सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि गराई समाजमा शान्ति र

मेलमिलापको वातावरण निर्माण गर्न एक स्वतन्त्र र निष्पक्ष सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस ऐनको नाम "सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०६६" रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(ग) "उजुरी" भन्नाले निवेदन समेतलाई जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "परिपूरण" भन्नाले दफा २६ बमोजिम पीडितलाई उपलब्ध गराइने सुविधा सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजु भाई वा दिदी बहिनी सम्झनु पर्छ ।

(छ) "पीडक" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने अपराधमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो अपराध गर्न आदेश दिने व्यक्ति समेतलाई जनाउँछ ।

(ज) "पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघनको परिणाम स्वरूप मृत्यु भएको वा शारीरिक, मानसिक वा आर्थिक रूपमा हानि नोक्सानी पुगेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानवअधिकारको गम्भीर उल्लंघनको परिणाम स्वरूप मानवीय, सामाजिक वा सामुदायिक रूपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ ।

(झ) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको देहायको कार्य सम्झनु पर्छ :

(१) हत्या

(२) अपहरण तथा शरीर बन्धक

(३) बेपत्ता पार्ने

(४) अङ्गभङ्ग वा अपाङ्ग बनाउने

(५) शारीरिक वा मानसिक यातना

(६) बलात्कार तथा यौनजन्य हिंसा
(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी
(८) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा
(९) अन्तरराष्ट्रिय मानवअधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराध ।

(ट) "सदस्य-सचिव" भन्नाले आयोगको सदस्य-सचिव सम्झनु पर्छ ।
(ठ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।
(ड) "सशस्त्र द्वन्द्व" भन्नाले सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ ।

## परिच्छेद–२
## आयोगको स्थापना तथा गठन

**३. आयोगको स्थापना :-**

(क) सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघनसम्बन्धी घटनाको विवरण र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्यतथ्य अन्वेषण गर्न, समाजमा मेलमिलापको वातावरण निर्माण गर्न तथा पीडितलाई परिपूरणको लागि सिफारिस गर्न समेतको लागि सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना गरिएको छ ।
(ख) आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकतानुसार नेपालभित्र विभिन्न ठाउँमा आफ्नो कार्यालयहरू स्थापना गर्न सक्नेछ ।

**४. आयोगको गठन :-**

(१) नेपाल सरकारले अध्यक्ष र सदस्य-सचिव सहित बढीमा सातजना सदस्यहरू रहने गरी आयोगको गठन गर्नेछ ।

(२) अध्यक्ष तथा सदस्यहरूको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) सभामुख -अध्यक्ष

(ख) राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य एकजना-सदस्य

(ग) मानवअधिकारवादी, मनोविज्ञानबेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना -सदस्य

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले आयोगका अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्दा मानवअधिकारवादी, मनोविज्ञानबेत्ता, कानूनविद, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री वा शान्ति प्रक्रियामा काम गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट कम्तीमा दुइजना महिलासमेत रहने गरी उपदफा (१) को अधीनमा रही आवश्यक संख्यामा अध्यक्ष तथा सदस्यको सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सिफारिस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गरी सार्वजनिक गर्नेछ ।

५. **अध्यक्ष तथा सदस्यको योग्यता :** देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुनेछ :-

(क) कुनै पनि राजनीतिक दल वा त्यसको भ्रातृ संगठनको सदस्य नरहेको,

(ख) उच्च नैतिक चरित्र कायम भएको,

(ग) मानवअधिकार, शान्ति, न्याय वा द्वन्द्व व्यवस्थापनको क्षेत्रमा काम गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा भएको ।

६. **अध्यक्ष तथा सदस्यको लागि अयोग्यता :** देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि अयोग्य मानिनेछ :-

(क) गैर नेपाली नागरिक,

(ख) सशस्त्र द्वन्द्वमा संलग्न रहेको,

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) मानवअधिकारको गम्भीर उल्लंघनसम्बन्धी कसूरमा सजाय पाएको,

(ङ) मानवअधिकारको उल्लंघनसम्बन्धी कसूरमा कारवाहीको लागि राष्ट्रिय मानवअधिकार आयोगबाट सिफारिस भएको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

**७. पदावधि :-**

(१) दफा ३७ बमोजिम आयोग विघटन नभएसम्म अध्यक्ष तथा सदस्यहरू आफ्नो पदमा वहाल रहनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यले इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेको, निजमा कार्यक्षमताको अभाव भएको वा निज खराव आचरणमा लागेको आरोपमा निजलाई पदमुक्त गर्नको लागि व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिमा प्रस्तुत भएको प्रस्ताव सो समितिमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा निज स्वतः आफू बहाल रहेको पदबाट हट्नेछ । तर त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**८. पद रिक्त हुने अव अवस्था :-**

(१) देहायको अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजले प्रधानमन्त्री समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ६ बमोजिम निज आफ्नो पदमा बहाल रहन अयोग्य भएमा,

(ग) दफा ७ बमोजिम निज आफू बहाल रहेको पदबाट हटेमा,

(घ) निजको मृत्यु भएमा ।

(२) अध्यक्ष वा सदस्यको पद कुनै कारणले रिक्त भएमा दफा ४ बमोजिमको प्रक्रिया पूरा गरी पूर्ति गरिनेछ ।

**९. अध्यक्ष तथा सदस्यको सेवा शर्त :-**

(१) अध्यक्ष तथा सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(२) अध्यक्ष तथा सदस्यको पारिश्रमिक क्रमशः राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तथा सदस्य सरह हुनेछ ।

(३) अध्यक्ष तथा सदस्यको सेवाको शर्त र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**१०. आयोगको बैठक र निर्णय :-**

(१) आयोगको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) आयोगको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूमध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(५) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) आयोगले चाहेमा आयोगको काम कारवाहीसँग सम्बन्धित विषयका विज्ञलाई आयोगको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. सदस्य-सचिव :** नेपाल सरकारले तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सदस्य-सचिव भई काम गर्नेछ ।

**१२. आयोगको कर्मचारी :-**

(१) आयोगको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ । त्यसरी कर्मचारी उपलब्ध गराउँदा नेपाल सरकारले आयोगसँग परामर्श गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले माग गरेको विशेषज्ञ कर्मचारी नेपाल सरकारसँग नभएमा वा आयोगले माग गरे बमोजिमको संख्यामा नेपाल सरकारले कर्मचारी उपलब्ध गराउन नसकेमा आयोगले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम करारमा नियुक्त भएको कर्मचारीको काम, कर्तव्य र अधिकार, पदावधि, पारिश्रमिक तथा अन्य सुविधा आयोगले तोके बमोजिम हुनेछ । तर त्यस्तो कर्मचारीको पारिश्रमिक र सुविधा आयोगमा कार्यरत नेपाल सरकारका समान श्रेणी वा तहका कर्मचारीको भन्दा बढी हुने छैन ।

(४) उपदफा (१) बमोजिम आयोगमा कार्यरत कर्मचारीहरूले आयोगबाट तोके बमोजिम भत्ता तथा अन्य सुविधा पाउने छन्।

**१३. आयोगको स्रोत साधन तथा लेखा परीक्षण :-**

(१) आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने भवन, साधन तथा अन्य स्रोतको व्यवस्था नेपाल सरकारले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले उपलब्ध गराएको साधन तथा स्रोत पर्याप्त नभएमा आयोगले स्वदेशी तथा विदेशी निकाय वा संस्थाबाट अनुदान स्वरूप आवश्यक साधन तथा स्रोत जुटाउन सक्नेछ। तर विदेशी निकाय वा संस्थाबाट अनुदान स्वरूप साधन तथा स्रोत प्राप्त गरेको जानकारी आयोगले अर्थ मन्त्रालय र मन्त्रालयलाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम आयोगलाई प्राप्त भएको रकम आयोगले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(४) आयोगको सम्पूर्ण खर्च उपदफा (३) बमोजिम जम्मा गरिएको रकमबाट ब्यहोरिनेछ।

(५) आयोगले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ र त्यसको आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ।

(६) आयोगको लेखा परीक्षण महालेखा परीक्षकद्वारा हुनेछ।

## परिच्छेद–३
## आयोगको काम, कर्तव्य र अधिकार

**१४. उजुरी छानविन गर्ने अधिकार :-**

(१) आयोगले सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघनसम्बन्धी विषयमा सत्यतथ्य अन्वेषण गर्न र सो स्थापित गर्न देहायको आधारमा छानविन गर्न सक्नेछ :-

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिएमा,

(ख) कुनै स्रोतबाट आयोगलाई सो विषयमा जानकारी प्राप्त भएमा,

(ग) सो विषयमा छानविन गर्न आयोगले उपयुक्त सम्झेमा ।

(२) उपदफा (१) बमोजिम आयोग समक्ष उजुरी दिने कार्यविधिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. आयोगको छानविनसम्बन्धी अधिकार :-**

(१) आयोगले दफा १४ बमोजिम छानविन गर्दा देहायको काम गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने,

(ख) साक्षी बुझ्ने तथा बकपत्र गराउने,

(ग) कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने, तर कुनै अदालतबाट त्यस्तो लिखत झिकाउँदा सम्बन्धित अदालतको अनुमति लिनु पर्नेछ ।

(ङ) प्रमाण बुझ्ने,

(च) स्थलगत निरीक्षण गर्ने गराउने वा दशी प्रमाण पेश गर्न आदेश दिने ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन वा लिखत, कागजात, दशी वा प्रमाण पेश गर्ने सम्बन्धमा आयोगले उपयुक्त सम्झेमा मनासिव समय तोक्न सक्नेछ ।

(३) आयोगले आफ्नो छानविनसम्बन्धी कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेका वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्नेछ ।

(४) सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति उपर यस ऐन बमोजिम छानविन गर्नु परेमा र निजलाई पदमा वहाल राखिरहँदा निजले प्रमाण लोप गर्ने सम्भावना देखिएमा आयोगले निजलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित निकायले समेत त्यस्तो व्यक्तिलाई निजको सेवा शर्तसम्बन्धी कानूनमा उल्लेख भएकोमा

सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा बढीमा तीन महिनाको लागि निलम्बन गर्नु पर्नेछ ।

(५) आयोगलाई प्राप्त भएको उजुरी तथा जानकारी छानविन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. आयोगको कार्यमा सहयोग पुऱ्याउनु पर्ने :-**

(१) आयोगले दफा १५ बमोजिम माग गरेको लिखत, कागजात, दशी वा प्रमाण पेश गर्नु तथा आयोगमा उपस्थित भई जानकारी, बयान वा बकपत्र दिनु सम्बन्धित व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(२) आयोगले यस ऐन बमोजिम छानविनको सिलसिलामा कुनै ठाउँको तलासी लिँदा वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउन स्थानीय प्रशासनको सहयोग माग गरेमा आयोगलाई सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कर्तव्य भएको व्यक्ति, संस्था वा निकायले आयोगको कार्यमा सहयोग नगरेमा आयोगले त्यस्तो व्यक्ति वा सो संस्था वा निकायको प्रमुखलाई पटकै पिच्छे पन्ध्र हजार रुपियाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम कर्तव्य भएको व्यक्ति, कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी भएमा आयोगले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाही गर्न वा प्रचलित कानून बमोजिम पदीय जिम्मेवारी पूरा नगरेको आरोपमा कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(५) कसैले आयोगको काम कारवाहीमा बाधा विरोध गरेमा आयोगले त्यस्तो व्यक्तिलाई पटकै पिच्छे पन्ध्र हजार रुपियाँसम्म जरिबाना गर्न सक्नेछ ।

**१७. अवहेलनामा कारवाही गर्न सक्ने :-**

(१) आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्ने छ । यसरी कारवाही चलाउँदा आयोगले आफ्नो अवहेलना भएको ठहऱ्याएमा पन्ध्र हजार रुपियाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित व्यक्ति वा निकायले आयोगलाई सन्तोष हुने गरी क्षमा याचना गरेमा आयोगले क्षमा

दिन वा सजाय तोकी सकेको भए सजाय माफ गर्न, घटाउन वा आयोगले तोकेको शर्तमा सजाय मुलतवी राखी त्यस्तो शर्तको पालन भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ ।

**१८. साक्षी तथा अन्य व्यक्तिको संरक्षण :-**

(१) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा वा आयोगलाई सहयोग पुऱ्याउने वा आयोगमा कार्यरत कुनै व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सुरक्षाको लागि उचित व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको सुरक्षाको लागि आयोगले आवश्यकतानुसार नेपाल सरकारको सहयोग लिन सक्नेछ ।

(३) कुनै व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारवाही गरिने छैन ।

(४) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा हुने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्नेछ ।

(५) आयोगमा कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ ।

(६) महिला वा बालबालिकालाई आयोग समक्ष उपस्थित गराई जानकारी लिनु पर्ने वा बयान वा बकपत्र गराउनु पर्ने भएमा आयोगले निजको इज्जत र सुरक्षाको विशेष प्रवन्ध गर्नु पर्नेछ ।

(७) साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षणसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९. सार्वजनिक सुनुवाई गर्न सक्ने :-**

(१) आयोगले मानवअधिकारको गम्भीर उल्लंघनसम्बन्धी विषयमा सत्यतथ्य पत्ता लगाउन आवश्यक देखेमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

(२) सार्वजनिक सुनवाई गर्ने तरिका र प्रक्रिया आयोगले तोके बमोजिम हुनेछ ।

**२०. आयोगको काम कारवाही खुला तथा पारदर्शी हुनु पर्ने :-**

(१) आयोगले आफ्नो काम कारवाही खुला तथा पारदर्शी रूपमा गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिको इज्जत वा सुरक्षामा प्रतिकूल असर पर्ने, शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा छानविन प्रक्रियालाई प्रतिकुल असर पार्ने काम कारवाही गोप्य गर्न सकिनेछ।

(३) आयोगले आफ्नो काम कारवाहीसम्बन्धी विवरण पीडितलगायत सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्न सक्नेछ।

**२१. स्वतन्त्रता र निष्पक्षता कायम गर्नु पर्ने :-**

(१) आयोगले स्वतन्त्र र निष्पक्ष रूपले आफ्नो काम सम्पादन गर्नु पर्नेछ।

(२) आयोगले कसैप्रति झुकाब, मोलाहिजा वा वदनियत राखी काम गर्न हुँदैन।

(३) आयोगले आफ्नो काम कारवाही गर्दा मानवअधिकार तथा न्यायका सर्वमान्य सिद्धान्तलाई पालना गर्नु पर्नेछ।

(४) आयोगबाट छानविन तथा कारवाही गर्नु पर्ने व्यक्ति कुनै सदस्यको नातेदार भएमा वा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्षरूपमा सम्बन्धित भएमा सो सदस्यले त्यस्तो छानविन तथा कारवाहीमा संलग्न हुन हुँदैन।

**२२. उजुरी तामेलीमा राख्न सक्ने :** आयोगमा प्राप्त भएको उजुरी वा जानकारी छानविन गर्दा तथ्यहीन भएमा वा सो कार्यान्वयन गर्न नसकिने देखिएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्नेछ। तर त्यस्तो उजुरीको सम्बन्धमा कारवाही गर्नु पर्ने पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजुरी उपर छानविन गर्न सक्नेछ।

**२३. मेलमिलाप गराउन सक्ने :-**

(१) पीडक वा पीडितले मेलमिलापको लागि आयोग समक्ष निवेदन दिएमा आयोगले पीडक र पीडितलाई एक आपसमा मेलमिलाप गराउन सक्नेछ। तर पीडक वा पीडितको निवेदन नपरे पनि सामुहिक रूपमा मेलमिलाप गराउन आयोगलाई कुनै बाधा परेको मानिने छैन।

(२) उपदफा (१) बमोजिम पीडक र पीडित बीच मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम मेलमिलाप गराउँदा आयोगले पीडितलाई हुन गएको क्षतिबापत मनासिब क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मेलमिलाप गराउने सम्बन्धमा पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले देहायको काम गर्न वा गराउन सक्नेछ :-

(क) सशस्त्र द्वन्द्वग्रस्त ठाउँहरूमा पीडक र पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्न,

(ख) पीडक र पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिहरूको सम्झनास्वरूप प्रतिमा निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन,

(ग) मेलमिलापसम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत, चित्र आदि प्रकाशन गर्न,

(घ) सामाजिक तथा सामुदायिक सद्भाव बढाउन,

(ङ) अन्य उपयुक्त कार्य गर्न ।

(५) पीडितको मृत्यु भैसकेको वा पीडित नाबालक वा मानसिक रूपले अस्वस्थ भएको अवस्थामा आयोगले पीडितको परिवार र पीडकसँग यस दफा बमोजिम मेलमिलाप गराउन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितको मञ्जुरी नलिई मेलमिलाप गराउन सकिने छैन ।

(७) यस दफा बमोजिम पीडक र पीडितबीच मेलमिलाप भएकोमा दफा २५ को उपदफा (२) मा उल्लिखित अपराधबाहेक अन्य विषयमा कुनै कारवाही गरिने छैन ।

**२४. कारबाहीको लागि लेखी पठाउने :-**

(१) आयोगले यस ऐन बमोजिम छानविन गर्दा कुनै व्यक्ति मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा संलग्न भएको देखिएमा दफा २७ बमोजिम प्रतिवेदन पेश गर्नु अगावै त्यस्तो व्यक्ति उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउन नेपाल सरकारमार्फत महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(२) आयोगले यस ऐन बमोजिम छानविन गर्दा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा संलग्न भएको देखिएमा

निजलाई विभागीय कारवाही गर्न अख्तियारवालासमक्ष लेखी पठाउन सक्नेछ। यसरी लेखी आएमा सम्बन्धित अख्तियारवालाले निजलाई उपयुक्त सजाय प्रस्ताव गरी तीन महिनाभित्र प्रचलित कानून बमोजिम विभागीय कारवाही गरी सो को जानकारी आयोगलाई दिनुपर्नेछ।

**२५. क्षमादानको लागि सिफारिस गर्न सक्ने :-**

(१) दफा २४ मा जुनसुकै कुरा लेखिएको भएता पनि मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा संलग्न भएको देखिएको व्यक्तिलाई क्षमादान गर्न मनासिव देखिएमा आयोगले त्यसको पर्याप्त आधार र कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अपराधमा संलग्न व्यक्तिलाई क्षमादानको लागि सिफारिस गरिने छैन :-

(क) आफ्नो नियन्त्रणमा लिई गरिएको जुनसुकै किसिमको हत्या,

(ख) निःशस्त्र व्यक्तिको हत्या,

(ग) यातना,

(घ) बलात्कार,

(ङ) व्यक्ति बेपत्ता पार्ने,

(च) अपहरण तथा शरीर बन्धक।

(३) उपदफा (१) बमोजिम आयोगले कुनै व्यक्तिलाई क्षमादानको लागि सिफारिस गर्नु अघि त्यस्तो व्यक्तिले सशस्त्र द्वन्द्वको क्रममा आफूबाट त्यस्तो काम कारवाही भएको र सो सम्बन्धमा पीडितलाई चित्त बुझ्दो ढङ्गले पश्चाताप गर्दै आयोगले तोकेको म्यादभित्र क्षमादानको लागि आयोग समक्ष लिखित निवेदन गरेको हुनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम क्षमादानको निमित्त कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो व्यक्तिलाई क्षमादानको निमित्त सिफारिस गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गर्नु अगावै सो विषयमा आवश्यकताअनुसार पीडितसँग सल्लाह गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम क्षमादानको निमित्त निवेदन दिनु अघि निवेदकले सशस्त्र द्वन्द्वको क्रममा आफूबाट भएका काम कारवाहीको सम्बन्धमा आफूलाई

थाहा भएसम्मको सत्यतथ्य विवरण आयोगसमक्ष पूर्ण रूपमा प्रकट गरेको र आयोगले पनि सो विवरणको अभिलेखन गरेको हुनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम क्षमादानको लागि सिफारिस गर्दा लिइने आधार र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(७) उपदफा (१) बमोजिम आयोगबाट सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारले क्षमादान दिएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(८) उपदफा (१) बमोजिम क्षमादानको लागि सिफारिस गरिएको व्यक्तिले नेपाल सरकारबाट क्षमादान नपाएमा मन्त्रालयले त्यस्तो व्यक्तिको सम्बन्धमा दफा २८ को उपदफा (२) को खण्ड (क) बमोजिम गर्नु पर्नेछ ।

**२६. परिपूरणको लागि सिफारिस गर्ने :-**

(१) यस ऐन बमोजिम गरिएको छानविनबाट पीडितलाई निजको जफत वा कब्जा गरिएको सम्पत्ति फिर्ता गर्न लगाउन, कुनै किसिमको क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्वार वा पुनर्स्थापना गर्न वा अन्य कुनै सुविधा उपलब्ध गराउन आवश्यक देखिएमा आयोगले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्थाअनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ :-

(क) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालिम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य उपाय, सुविधा वा सहुलियत ।

(३) उपदफा (१) वा (२) बमोजिम उपलब्ध गराइने राहत, क्षतिपूर्ति, सुविधा वा सहुलियत निर्धारण गर्ने आधार र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(४) पीडितलाई पीडकद्धारा क्षतिपूर्ति उपलब्ध गराइएको, आयोगबाट कुनै पीडकलाई क्षमादानको लागि सिफारिस गरिएको वा कुनै पीडकको पहिचान नभएको कारणले मात्र यस दफा बमोजिम पीडितलाई उपलब्ध गराइने सुविधाबाट वञ्चित गरिने छैन ।

(५) पीडितको मृत्यु भैसकेको अवस्थामा उपदफा (१) वा (२) बमोजिम पीडितले पाउने राहत, क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यले पाउनेछ ।

**२७. प्रतिवेदन पेश गर्ने :-**

(१) आयोगले यस ऐन बमोजिम छानविन गरिसकेपछि देहायको कुराहरू खुलाई नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) आयोगबाट छानविन गरिएका र तामेलीमा राखिएका उजुरीसम्बन्धी विवरण,

(ख) छानविनबाट पत्ता लागेको वास्तविक सत्यतथ्यसम्बन्धी विवरण,

(ग) दफा २३ बमोजिम पीडित र पीडकबीच आयोगबाट मेलमिलाप गराइएको विवरण,

(घ) दफा २४, २५ र २६ बमोजिम आवश्यक कारवाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने विषय,

(ङ) छानविनबाट मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा संलग्न देखिएका व्यक्ति उपर कारवाहीका लागि सिफारिस गरिएको विषय,

(च) सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनका लागि गरिनु पर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यावहारिक सुधारका विषय,

(छ) प्रतिवेदन कार्यान्वयन गर्न कुनै कानून बनाउन आवश्यक भएमा सो विषय,

(ज) मानवअधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरू,

(झ) आयोगले उपयुक्त सम्झेका अन्य कुराहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले यस ऐन बमोजिम छानविन गरेको विषयमा समय समयमा नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन नेपाल सरकारले व्यवस्थापिका-संसद् समक्ष पेश गर्नेछ ।

# परिच्छेद–४
# प्रतिवेदनको कार्यान्वयन तथा अनुगमन

**२८. प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी :-**

(१) दफा २७ बमोजिम आयोगले दिएको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(२) मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लेखित सिफारिस मध्ये देहायका कुराहरू कार्यान्वयन गर्नको लागि देहाय बमोजिम गर्नेछ :-

(क) दफा २४ मा उल्लेखित सिफारिस कार्यान्वयन गर्नको लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने,

(ख) दफा २५ मा उल्लेखित सिफारिस कार्यान्वयन गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा लेखी पठाउने,

(ग) दफा २६ मा उल्लेखित सिफारिस कार्यान्वयन गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई त्यस्तो सिफारिस आफैले वा अन्य सम्बद्ध निकायमार्फत कार्यान्वयन गर्ने गराउने,

(घ) प्रतिवेदनमा उल्लेखित सिफारिस कार्यान्वयन गर्न कानून निर्माण गर्नु पर्ने भएमा आवश्यक कानून निर्माण गर्ने तर्फ कारवाही गर्ने,

(ङ) आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उपयुक्त सम्झेको अन्य काम गर्ने गराउने ।

(३) मन्त्रालयले दफा २७ को उपदफा (१) को खण्ड (च), (छ) र (ज) मा उल्लिखित सिफारिस प्राथमिकता तोकी क्रमशः कार्यान्वयन गर्नेछ ।

**२९. मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था :-**

(१) आयोगको छानविनबाट मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषी देखिएको व्यक्ति उपर दफा २४ बमोजिम मुद्दा चलाउन आयोगबाट लेखी आएमा वा आयोगले दिएको प्रतिवेदनको आधारमा मन्त्रालयबाट लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले त्यस्तो व्यक्ति उपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम त्यस्तो व्यक्ति उपर मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वकीलले सो व्यक्ति उपर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतमा मुद्दा चलाउनु पर्नेछ ।

**३०. आयोगले दिएको प्रतिवेदनको अनुगमन :-**

(१) आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिसहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने काम राष्ट्रिय मानवअधिकार आयोगले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गरे गराएको नदेखिएमा राष्ट्रिय मानवअधिकार आयोगले सो सिफारिस कर्यान्वयन गर्न मन्त्रालयलाई ध्यानाकर्षण गराउन सक्नेछ र त्यसरी ध्यानाकर्षण गराएका विषय मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्ने गराउनेछ ।

## परिच्छेद–५
## विविध

**३१. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :-**

(१) आयोगले आफ्नो काम कारवाही सुचारु रूपले गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरू समावेश गरी आवश्यकतानुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार, कार्यावधि, सो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा तथा अन्य व्यवस्था आयोगले तोकिदिए बमोजिम हुनेछ ।

**३२. विशेषज्ञको सेवा लिन सक्ने :-**

(१) आयोगले यस ऐन बमोजिम कुनै काम गर्नको लागि आवश्यकतानुसार सम्बन्धित विषयका स्वदेशी तथा विदेशी विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदान गर्ने विशेषज्ञ तथा विशिष्टीकृत निकायको नियुक्ति, काम, कर्तव्य र अधिकार, सेवाको शर्त तथा सुविधा आयोगले तोके बमोजिम हुनेछ ।

(३) आयोगलाई कुनै निकाय वा संस्थाको सेवा आवश्यक परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित निकाय वा संस्थाले अयोगबाट माग भए बमोजिमको सेवा आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

**३३. काम कारवाही गर्न बाधा नपर्ने :** आयोगको कुनै सदस्यको पद रिक्त भएको कारणले मात्र आयोगले काम कारवाही गर्न कुनै बाधा पर्ने छैन ।

**३४. अधिकार प्रत्यायोजन :-**

(१) आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सचिव वा दफा ३१ बमोजिम गठित उपसमिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलाप गराउने वा परिपूरण वा क्षमादानको सिफारिस गर्ने सम्बन्धमा आयोगलाई भएको अधिकार प्रत्यायोजन हुन सक्ने छैन ।

**३५. आयोगले छानविन नगन नगर्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा प्रचलित कानून बमोजिम छानविन आयोग गठन भई छानविन भएकोमा सो विषय उपर यस ऐन बमोजिम आयोगले छानविन गर्ने छैन । तर व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा प्रचलित कानून बमोजिम गठित आयोग र यस ऐन बमोजिमको आयोगबीच आवश्यक सूचना आदान प्रदान गर्न यस दफाले कुनै बाधा पारेको मानिने छैन ।

**३६. आयोगको कार्यावधि :-**

(१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र आयोगले आफ्नो काम सम्पन्न गर्न नसकेको कारण समेत खुलाई थप म्याद माग गरेमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ ।

**३७. आयोग गको को विघटन :-**

(१) आयोगले यस ऐन बमोजिम आफ्नो काम सम्पन्न गरेमा वा दफा ३६ बमोजिम आयोगको कार्यावधि समाप्त भएमा आयोग विघटन हुनेछ ।

(२) व्यवस्थापिका-संसद्को सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट आयोगलाई विघटन गर्न सिफारिस गरेमा नेपाल सरकारले आयोग विघटन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम आयोग विघटन भएमा आयोगको नाममा रहेको सम्पत्ति तथा दायित्व मन्त्रालयमा सर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम आयोग विघटन हुने भएमा आयोगले आफ्नो जिम्मामा रहेको अभिलेख मन्त्रालयमा बुझाउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम आयोग विघटन भएमा आयोगमा कार्यरत कर्मचारीहरू आफ्नो साविकको कार्यालयमा फिर्ता हुनेछन् र करारमा कर्मचारी नियुक्त भएको भए स्वतः पदबाट हट्नेछन् ।

**३८. शपथ :** आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधान न्यायाधीश समक्ष र सदस्यले अध्यक्षसँग अनुसूची बमोजिमको ढाँचामा शपथ गर्नु पर्नेछ ।

**३९. बाधा अड्काउ फुकाउने अधिकार :-**

(१) यस ऐन कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा आयोगको परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश नेपाल सरकारले तत्काल बसेको व्यवस्थापिका-संसदमा पेश गर्नु पर्नेछ ।

**४०. नेपाल सरकारसँग सम्पर्क :** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**४१. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ ।

अनुसूची
(दफा ३ ३८ सँग सम्बन्धित)

## शपथ

म .....................................................सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु / ईश्वरको नाममा सपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानून प्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

मितिः- दस्तखतः

# अनुसूची २

व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) सम्बन्धी विधेयकको मस्यौदा विधेयक